बुढानीलकण्ठ नगरपालिकामा पशु व्यवसायको सम्भावना उच्च रहेको छ, किनभने यहाँ उत्पादित पशुपालन सामग्री उचित मूल्यमा सजिलै बिक्री गर्न सकिने सुविधा छ र विचौलियाको हस्तक्षेप न्यून छ। दक्ष प्राविधिक र आवश्यक प्रविधिहरूको उपलब्धताले समयमै उपचार सम्भव छ, जसले आर्थिक क्षति कम गर्दछ। उन्नत नश्लका प्रजातिहरू उपलब्ध भएकाले प्रति इकाइ उत्पादन वृद्धि र लागत घट्ने सम्भावना रहन्छ। साथै, उत्पादित वस्तुहरू लामो समयसम्म सुरक्षित राख्न सकिने, छोटो दूरीमै ढुवानी गर्न सकिने र ठूलो बजार पहुँच उपलब्ध हुने भएकाले यस क्षेत्रभित्र पशु व्यवसाय विस्तारको राम्रो सम्भावना रहेको छ।

### ३.२.२ समस्या तथा चुनौती

बुढानीलकण्ठ नगरपालिकामा जमिनहरू घडेरीमा रूपान्तरण हुँदै जानु र बस्तीहरू क्रमशः बाक्लिंदै जानुले पशु आहार उत्पादनका लागि आवश्यक जमिनको अभाव देखिएको छ। साथै, गाईका बाच्छाहरू सडकमा विचरण

गर्ने र मरेका पशुको व्यवस्थापनमा कठिनाइ हुनेजस्ता समस्याहरू पशु व्यवसायका प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ३.२.३ लक्ष्य

पशुपंन्छी व्यवसाय मूलक र औपचारिक क्षेत्रको रूपमा विकास भएको हुने |

### ३.२.४ उद्देश्य

क) सार्वजनिक जमिनलाई पशु आहार वा घाँस उत्पादन गर्न प्रयोग गर्ने

ख) पशुपालनलाई मर्यादित व्यवसायको रुपमा विकास गर्ने

### ३.२.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका १५: पशु विकास विषय क्षेत्रका नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/ लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८५/८६ | |
| १ | व्यवसायिक पशुपालनमा संलग्न कृषक परिवार | संख्या | १८० | १९० | २०० | २१० | |
| २ | पशुपालन क्षेत्रबाट हुने वार्षिक आम्दानी | रु. लाखमा | ११६० | ११६५ | ११७० | ११७५ | |
| ३ | व्यवसायिक फर्मको संख्या | संख्या | ९६ | १०० | ११० | १२० | |

### ३.२.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका १७: पशु विकास विषय क्षेत्रका कार्यक्रम/आयोजनाको विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | अवधि (शुरु र समाप्ति) | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **ख** | **व्यवसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम** | | | | |
| १.१.३९ | कृत्रिम गर्भ सेवा गाई | २०८२/८३ बाट २०८४/८५ | ५ | ७५०० | गाईहरुलाई कृत्रिम गर्भाधारण सेवा सञ्चालन भएको हुनेछ । |
| १.१.४० | गाईको लागि सेम्स सिमन केन्द्र | | ५ | ७५०० | गाईको लागि सेम्स सिमन केन्द्र स्थापना भएको हुनेछ । |
| १.१.४१ | हिउदे घासको बिउ वितरण | | ५००० | ५००० | हिँउदे घाँस बिउ वितरण भएको हुनेछ । |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | अवधि (शुरु र समाप्ति) | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १.१.४२ | बर्खा घासको बिउ वितरण | | ५००० | ५००० | बर्खे घाँसको बिउ वितरण भएको हुनेछ । |
| १.१.४३ | उन्नत गाई, भैसी पालनको लागि अनुदान | | २५ | १७५० | उन्नत गाई, भैँसी पालनको लागि अनुदान वितरण भएको हुनेछ । |
| १.१.४४ | उत्कृष्ट पशुपालन व्यवसायी पुरस्कार | | २५ | ६२५ | उत्कृष्ट पशुपालन व्यवसायी पुरस्कार वितरण भएको हुनेछ । |
| १.१.४५ | जुनोटिक्स रोग गोष्ठी संचालन | | ५ | २५०० | जुनोटिक्स रोग गोष्ठी संचालन भएको हुनेछ । |
| १.१.४७ | पशु स्वास्थ्य तथा खोप कार्यक्रम | | ५ | २५०० | पशु स्वास्थ्य तथा खोप कार्यक्रम संचालन भएको हुनेछ । |
| १.१.४८ | मासु, डेरी, बधशाला सुधार | | ५ | ३७५० | मासु, डेरी, बधशाला सुधार कार्यक्रम संचालन भएको हुनेछ । |
| १.१.४९ | पशुपालन यान्त्रिकरण, मिलिकेङ मेसिन तालिम कार्यक्रम | | ५ | ३७५० | पशुपालन यान्त्रिकरण, मिलिकेङ मेसिन तालिम कार्यक्रम संचालन भएको हुनेछ । |
| १.१.५० | पशु अन्नेण, रोपोचिंग, सिरम संकलन कार्यक्रम | | ५ | ३७५० | पशु अन्नेण, रोपोचिंग, सिरम संकलन कार्यक्रम संचालन भएको हुनेछ । |
| १.१.५१ | गोबर मल व्यवस्थापन तथा कम्पोस्ट मल बनाउने तालिम | | ५ | ३७५० | गोबर मल व्यवस्थापन तथा कम्पोष्ट मल बनाउने सम्बन्धी तालिम संचालन भएको हुनेछ । |
| १.१.५२ | पशु बिमा अनुदान | | ५ | ३७५० | पशु बिमा अनुदान संचालन भएको हुनेछ । |
| १.१.५३ | अन्न उत्पादन तथा सामुदायिक पशुहरुको व्यवस्थापन तालिम कार्यक्रम | | ५ | ३७५० | अन्न उत्पादन तथा सामुदायिक पशुहरुको व्यवस्थापन तालिम कार्यक्रम संचालन भएको हुनेछ । |
| १.१.५४ | सामुदायिक कुकुर व्यवस्थापन | | ५ | ३७५० | सामुदायिक कुकुर व्यवस्थापन कार्यक्रम संचालन भएको हुनेछ । |
| १.१.५५ | अन्तरपालिका कृषक भ्रमण | | ५ | ३७५० | अन्तर पालिका कृषक भ्रमण कार्यक्रम संचालन भएको हुनेछ । |
| १.१.५६ | अपाङ्ग असाहयको लागि लोकल कुखुरा चल्ला वितरण | | ५०० | २५० | अपाङ्ग असाहयको लागि लोकल कुखुरा चल्ला वितरण कार्यक्रम संचालन भएको हुनेछ । |
| १.१.५७ | दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम | | ५ | २५०० | दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन भएको हुनेछ । |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| क्र.सं. | कार्यक्रम तथा आयोजना | अवधि (शुरु र समाप्ति) | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १.१.५८ | कृषि तथा पशुपन्छी भवन निर्माण | | १ | २००० | कृषि तथा पशुपंक्षी भवन निर्माण भएको हुनेछ। |
| १.१.५९ | पशुपालक समुह अनुदान कार्यक्रम | | ५ | १२५०० | पशुपालक समुह अनुदान कार्यक्रम संचालन भएको हुनेछ। |
| १.१.६० | उत्कृष्ट पशुपालक पुरस्कार कार्यक्रम | | १० | १०००० | उत्कृष्ट पशुपालक पुरस्कार कार्यक्रम संचालन भएको हुनेछ। |
| १.१.६१ | पशु औषधी वितरण कार्यक्रम | | १ | २५०० | पशु औषधी वितरण कार्यक्रम संचालन भएको हुनेछ। |
| १.१.६२ | इपोमोलेडिज कार्यक्रम (MIS) | | ५ | १२५०० | इपोमोलेडिज कार्यक्रम (MIS) संचालन भएको हुनेछ। |
| १.१.६३ | पशु रोगहरु पहिचान कार्यक्रम | | ५ | १२५०० | पशु रोगहरुको पहिचान कार्यक्रम संचालन भएको हुनेछ। |
| १.१.६४ | दुध, खुवा आदि दुग्ध जन्य उत्पादन प्रशोधन व्यवस्थापन (मेसिन वितरण तथा तालिम प्रदान) | | ५ | १२५०० | दुध, खुवा आदि दुग्ध जन्य उत्पादन प्रशोधन व्यवस्थापन (मेसिन वितरण तथा तालिम प्रदान) कार्यक्रम संचालन भएको हुनेछ। |
| १.१.६५ | गाई फार्म व्यवस्थापन कार्यक्रम | | ५ | १२५०० | गाई फार्म व्यवस्थापन कार्यक्रम संचालन भएको हुनेछ। |
| १.१.६६ | बाख्रा र कुखुरा पालन तालिम सञ्चालन कार्यक्रम | | ५ | १२५०० | बाख्रा र कुखुरा पालन तालिम संचालन भएको हुनेछ। |

### ३.२.९ अनुमान तथा जोखिम पक्ष

पशुपन्छी क्षेत्रका केही कार्यक्रमहरू सशर्त अनुदानमा आधारित हुने भएकाले तोकिएको समयसीमाभित्र ती कार्यक्रमहरू सम्पन्न गर्न आवश्यक हुन्छ। माहामारीजस्ता परिस्थितिमा यस्ता कार्यक्रमहरू प्रभावित हुने सम्भावना पनि रहन्छ। स्थानिय तहबाट सञ्चालित कार्यक्रमहरूको तथ्यांक संकलन, विश्लेषण, र प्रतिवेदनमा एकरूपता ल्याउनुका साथै वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई कृषि तथा पशुपन्छी व्यवसायको पुँजी निर्माणमा रूपान्तरण गर्ने वातावरण निर्माण गर्न सकिनेछ। यद्यपि प्रविधि, मल, गुणस्तरीय पशुजन्य सेवाको सुलभ आपूर्ति र प्रभावकारी बजारीकरण सुनिश्चित गर्न नसकेमा अपेक्षित परिणाम हासिल गर्ने प्रक्रियामा चुनौतीहरू देखा पर्न सक्ने अनुमान गर्न सकिन्छ।

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

## ३.३ उद्योग तथा व्यापार

### ३.३.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिका औद्योगिक नगर भन्दा पनि आवासीय क्षेत्रका रूपमा विकास भएको क्षेत्र हो। यहाँ वातावरणीय अवस्था र जमिनको उपलब्धता जस्ता कारणले ठूला उद्योग स्थापना गर्ने सम्भावना कम देखिन्छ । यद्यपि, उद्योग र व्यवसाय धेरै नागरिकहरूको आयको स्रोत भएकाले साना तथा घरेलु उद्योग र सेवामूलक व्यवसायलाई प्राथमिकता दिई प्रवर्द्धन गरिँदै आएको छ। नगर क्षेत्रमा यस्ता साना व्यवसायहरूको राम्रो उपस्थिति रहेको छ। घरेलु उद्योग र सीप आधारित व्यवसायलाई प्रोत्साहन गर्ने, रोजगारीको अवसर सिर्जना गर्न तालिम तथा समन्वय कार्यक्रम सञ्चालन गर्ने प्रयासहरू भइरहेका छन्। बजारको माग अनुसार व्यवसाय सञ्चालन गर्न सकेमा उद्योग क्षेत्रको विकास र सफलताको सम्भावना अझ प्रस्ट देखिन्छ।

### ३.३.२ समस्या तथा चुनौती

यद्यपि बजारको राम्रो सम्भावना रहेको छ, तर औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारहरू—जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति र प्रविधिको अवस्था निकै कमजोर छ। औद्योगिक उत्पादनसँग सम्बन्धित सीप प्रदान गर्ने शिक्षाको अभाव, नगर क्षेत्रमा ठूला आर्थिक गतिविधिहरूको कमी, निजी क्षेत्रलाई लगानीतर्फ आकर्षित गर्न नसक्नु, पर्याप्त वित्तीय सुरक्षाको प्रत्याभूति नहुनु, साथै उद्योगमा संलग्न मजदुर र औद्योगिक गतिविधिसँग जोडिएका सामाजिक जटिलता तथा पेशागत आकर्षणको अभाव जस्ता समस्याहरूले औद्योगिक क्षेत्रको विकासमा चुनौती उत्पन्न गरिरहेका छन्।

### ३.३.३ लक्ष्य

उद्यमशिलता वृद्धि मार्फत उद्योग व्यवसायहरुको विकास र विस्तार गर्नु

### ३.३.४ रणनीति

क) उद्योग व्यवसाय दर्ता तथा नवीकरणलाई सरलीकृत गरी उद्यमशिलतालाई प्रवर्धन गर्ने,

ख) स्वरोजगार सिर्जना र व्यक्तिगत उद्यमशिलताका लागि बीउ पूँजी (Seed Money) ऋणको व्यवस्था गर्ने,

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ३.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका १८: उद्योग तथा व्यापार विषय क्षेत्रका नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | उद्यमशिलता विकास | जना | ५०० | ५५० | ६०० | ६५० | |
| २ | साझा सुविधा स्थापना | वटा | १ | १ | ० | १ | |
| ३ | उद्योग, व्यापार र व्यवसाय | संख्या | १०७० | ११२५ | ११५० | १२०० | |
| ४ | सुचिकृत बेरोजगारहरुलाई औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | जना | ७८५० | १२४७० | १३००० | १३५०० | |
| ५ | औषत पारिवारिक आय | रु. लाखमा | १३ | १५ | १७ | २० | |
| ६ | सुचिकृत बेरोजगारहरुलाई औपचारिक क्षेत्रमा रोजगारी सिर्जना दिन | औषत दिन | ९८ | १०० | १२५ | १५० | |
| ७ | औपचारिक क्षेत्रमा रोजगरी सिर्जना (पालिकाबाट सिफारिस गरिएको आधारमा) | संख्या | ३० | ४० | ५० | ६० | |
| ८ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३२ | ३६ | ४० | ४५ | |

### ३.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका २०: उद्योग तथा व्यापार विषय क्षेत्रगत कार्यक्रम/आयोजनाको विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | अवधि (शुरु र समाप्ति) | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **१.४** | **उद्योग, व्यापार,व्यवसाय तथा आपूर्ति** | | | **२४७५००** | |
| १.४.१ | उद्योग, व्यापार,व्यवसाय तथा आपूर्ति सम्बन्धी कार्यक्रमहरु | २०८२/८३ बाट २०८४/८५ | ३ | २४७५०० | उद्योग, व्यापार,व्यवसाय तथा आपूर्ति सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन भएको हुनेछ। |

कालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ३.३.९ अनुमान तथा जोखिम पक्ष

वैदेशिक रोजगारीबाट आएको पूँजीलाई उद्योग तथा व्यवसायमा प्रयोग गर्न उपयुक्त नीति र कार्यक्रम आवश्यक छन् । यद्यपि, उद्योग र व्यापार सम्बन्धी स्पष्ट नीति नहुनुले बेरोजगार युवाहरूलाई कृषि वा गैर–कृषिमा आधारित व्यवसायतर्फ आकर्षित गर्न कठिनाइ देखिएको छ ।

## ३.४ पर्यटन तथा संस्कृति

### ३.४.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिका तामाङ र नेवार समुदायको विशिष्ट संस्कृति बोकेको क्षेत्र हो, जसले पर्यटन विकासको प्रचुर सम्भावना राख्छ । यहाँको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूले पर्यटन क्षेत्रलाई महत्वपूर्ण अवसरको रूपमा उभ्याएका छन् । बुढानीलकण्ठ मन्दिर, बागद्वार, नौलिङ्गेश्वर, धरमपुर वस्ती, रुद्रेश्वर, कपन गुम्बा, नागी गुम्बा, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, चिसेनी, डाँडागाउँ, पञ्चकन्या वन लगायतका स्थलहरू धार्मिक, सांस्कृतिक र दृश्यावलोकनका दृष्टिले अत्यन्त आकर्षक मानिन्छन् ।

नगरपालिकाले पर्यटन विकासका लागि गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याइसकेको छ । निजी क्षेत्रको सहभागिता बढाएर होटेल, रिसोर्ट र लजहरू सञ्चालन गर्न, स्थानीय मौलिक कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न, साथै प्रत्येक वर्ष पर्यटन महोत्सव आयोजना गरेर सांस्कृतिक कार्यक्रम र परम्परागत सीपको प्रदर्शन गर्न सकिने सम्भावना छ । पर्यटन पूर्वाधारहरू क्रमशः विकास हुँदै गइरहेका छन्, जसले पर्यटनलाई एक प्रमुख आर्थिक सम्भावनाको क्षेत्रका रूपमा स्थापित गर्ने अवसर प्रदान गर्छ । यस माध्यमबाट स्थानीय आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउन सकिन्छ ।

### ३.४.२ समस्या तथा चुनौती

वार्षिक रूपमा आन्तरिक तथा बाह्य पर्यटकहरूले कति संख्यामा नगर क्षेत्र भ्रमण गर्छन् र तिनीहरूको बसाइको औसत अवधि कति रहन्छ भन्ने स्पष्ट तथ्यांक नभए पनि पछिल्ला वर्षहरूमा स्वदेशी तथा विदेशी पर्यटकहरूको चहलपहल उल्लेखनीय रूपमा बढिरहेको देखिन्छ । पर्यटन प्रवर्द्धनका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, स्थानीय होटेल तथा पर्यटन सेवासम्बन्धी व्यवसायको गुणस्तर अभिवृद्धि, साथै नगर हुँदै अन्य

मध्यमकालीन खर्च संरचना, बुढानीलकण्ठ नगरपालिका

गन्तव्यमा जान चाहने पर्यटकलाई केही दिन नगरमै आकर्षित गर्न सक्ने प्रकारका पर्यटन प्याकेज तयार गरी कार्यान्वयन गर्नु वर्तमान चुनौतीका विषय हुन् । यी पहलहरू निजी क्षेत्रलाई पर्यटन व्यवसायतर्फ आकर्षित गर्ने सम्भावनायुक्त उपायका रूपमा महत्वपूर्ण छन् ।

**३.४.३ सोच**

“आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धको आधार पर्यटनको विकास”

**३.४.४ लक्ष्य**

पर्यटन क्षेत्रको विकास र विस्तार भएको हुनेछ |

**३.४.४ उद्देश्यहरु**

क) बूढानीलकण्ठ मन्दिरको महत्व र गरिमालाइ अभिबृद्धि गराई एक आकर्षक पर्यटन स्थलको रूपमा विकसित गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने,

ख) बूढानीलकण्ठ मन्दिर, शिवपुरी नागार्जुन राष्ट्रिय निकुन्ज, अन्य साँस्कृतिक सम्पदा, गुम्बा तथा बूढानीलकण्ठ नगरपालिका भित्र रहेको धार्मिक, साँस्कृतिक तथा पर्यटकिय स्थल पहिचान गर्ने तथा धार्मिक साँस्कृतिक मेलाहरुको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गर्ने ,

ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबर्द्धन गरी राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गर्दै बढीभन्दा बढी रोजगारीका अवसरहरूको सृजना गरी नगरलाई समृद्ध बनाउने ।

घ) नगरलाइ सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटन स्थलको रूपमा विकसित गरी बाह्य पर्यटन समुदायमा नगरपालिकाको छविलाई उच्च एवं मर्यादित ढंगबाट स्थापित गर्ने ।

ङ) पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

च) बूढानीलकण्ठ नगरपालिकाभित्र रहेका भाषा, संस्कृति, भेषभूषा तथा कला संस्कृतिको पहिचान र नीति संरक्षण गर्ने ।

मध्यमकालीन खर्च संरचना, बूढानीलकण्ठ नगरपालिका

### ३.४.५ रणनीति

क) नगरभित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक र प्राकृतिक तथा अन्य पर्यटकीय सम्पदाहरुको संरक्षण प्रवर्धन एवम् विकास गर्ने,

ख) पर्यटन गुरुयोजनाले पहिचान गरेका पर्यटकीय सम्भाव्य क्षेत्रहरुको प्रचार प्रसारलाई अभियानको रुपमा सञ्चालन गर्ने,

ग) पर्यटन उद्योगमा योगदान पुऱ्याउने जनशक्ति उत्पादन तथा परिचालन गर्ने,

### ३.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका २१: पर्यटन तथा संस्कृति क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८५/८६ | |
| १ | पर्यटकहरुको बसाई (औसत दिनमा) | दिन | ५ | ६ | ७ | ८ | |
| २ | पर्यटकबाट दैनिक खर्च | डलर | १५०० | १५५० | १६०० | १६५० | |
| ३ | आन्तरिक पर्यटक आवगमन संख्या (वार्षिक) | संख्या | ९८०० | १०५०० | ११००० | ११५०० | |
| ४ | बाह्य पर्यटक आवगमन संख्या (वार्षिक) | संख्या | ५३००० | ५४००० | ५५००० | ५६००० | |

### ३.४.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका २३: पर्यटन तथा संस्कृति विषय क्षेत्रगत कार्यक्रम/आयोजनाको विवरण

| क्र सं | कार्यक्रम/आयोजना | अवधि शुरु र समाप्ति | जम्मा लक्ष्य | लागत रु हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| १ | पर्यटकिय पूर्वाधार निर्माण, प्रवर्द्धन, मर्मतसंभार तथा व्यवस्थापन एकमुष्ट कार्यक्रम | सालबसाली | सबै | १०,९७५०० | पर्यटकिय पूर्वाधार निर्माण, प्रवर्द्धन, मर्मतसंभार तथा व्यवस्थापन भएको हुनेछ । |
| | जम्मा | | | १०,९७५०० | |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ३.४.९ अनुमान तथा जोखिम पक्ष

वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन क्षेत्रमा परिचालन भए पर्यटन व्यवसाय आकर्षित हुने देखिन्छ र सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक साझेदारीहरुको सकृयतामा यस क्षेत्रको विकास र विस्तार हुनेछ। समग्र क्षेत्रको साझेदारी हुन नसकेमा पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ।

## ३.५ सहकारी र वित्तीय सेवा

### ३.५.१ पृष्ठभूमि

पूँजी संकलन र यसको उचित प्रयोगमार्फत आय आर्जनमा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। राष्ट्रिय अर्थतन्त्रका तीन मुख्य आधारमध्ये एकको रूपमा रहेको सहकारी क्षेत्र ग्रामीण तथा स्थानीय अर्थतन्त्र सुदृढ गर्न सहयोगी सिद्ध हुन्छ। यसले स्थानीय स्रोत, सीप, र पूँजीलाई सक्रिय रूपमा परिचालन गरी रोजगारी सिर्जना र आम्दानी वृद्धि गर्न सक्ने सामर्थ्य राख्छ। साथै, स्थानीय आवश्यकता अनुसार वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरणमा टेवा पुऱ्याउँदै नागरिकको आर्थिक र सामाजिक अवस्था सुधारमा योगदान पुऱ्याउने सम्भावना छ।

विभिन्न प्रकारका सहकारी संस्था—जसमा महिला, ऋण तथा बचत, कृषि, पर्यटन र बहुउद्देश्यीय सहकारीहरू पर्छन्—नगर क्षेत्रमा सञ्चालनमा रहेका छन्। यी सहकारीलाई उत्पादन र बजारीकरणका गतिविधिमा जोड्दै अभिलेखिकरण, सशक्तिकरण र कृषि तथा पशुपालन जस्ता क्षेत्रमा सहभागी गराई रोजगारी सिर्जनातर्फ उन्मुख गराउने अवसर रहेको छ। नागरिकहरूमा सहकारीप्रति आकर्षण बढ्दो छ, सानो रकम भए पनि बचत गर्नुपर्ने चेतना विस्तार हुँदैछ, र सामूहिक प्रयास तथा सहकार्यको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न सकिने विश्वास पनि विकसित हुँदै गएको छ। स्थानीय सरकारलाई सहकारीको सञ्चालन, नियमन, अनुगमन तथा खारेजीसम्बन्धी अधिकार प्राप्त भएकाले यस क्षेत्रमा उल्लेखनीय सम्भावना र अवसर विद्यमान छन्।

### ३.५.२ समस्या तथा चुनौती

सहकारी संस्थासम्बन्धी अधिकार स्थानीय सरकारको एकल अधिकार अन्तर्गत परेकाले, यस आधारमा स्थानीय कानुन निर्माण र संस्थागत व्यवस्थापनमार्फत सहकारी क्षेत्रलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने अवसर

नगरपालिकासँग उपलब्ध छ । तथापि, समान उद्देश्य भएका सहकारीहरूलाई एकीकृत गर्ने, सहकारी स्रोतलाई स्थानीय आर्थिक विकासमा केन्द्रित गर्ने, समान उद्देश्य भएका संस्थाबीचको प्रतिस्पर्धालाई मर्यादित बनाउने, र उत्पादनमुखी क्षेत्रमा सहकारीको लगानी बढाउँदै सदस्य तथा बचतकर्ताको पुँजी सुरक्षित राख्ने जस्ता विषयहरू यस क्षेत्रका प्रमुख चुनौतीका रूपमा देखिन्छन् ।

### ३.५.३ लक्ष्य

नगरभित्र वित्तीय पहुँच वृद्धि भएको हुनेछ ।

### ३.५.५ रणनीति

क) नगरपालिका भित्र सहकारीहरुको अभिलेखीकरण, सशक्तिकरण गर्नु,

ख) सहकारीहरुलाई कृषि, पशु तथा व्यवसायहरुमा सम्लग्न गराई रोजगार सिर्जना गर्नु

### ३.५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका २४: सहकारी र वित्तीय सेवा विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | नियमित सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा अद्यावद्यिक | संख्या | ६५ | ७६ | ९० | १०० | |
| २ | वित्तिय संस्थाहरुबाट व्यवसाय संचालनका लागि सहुलियत पूर्ण कर्जा प्राप्त | जना | १५० | १५० | १७५ | २०० | |
| ३ | सहकारी संस्थाको क्षमता विकास | पटक | ७ | ८ | ९ | १० | |
| ४ | सदस्यता वृद्धि | प्रतिशत | १२ | १५ | १७ | २० | |
| ५ | सहकारी संस्थाहरुको संख्या | संख्या | ७६ | ७६ | ७८ | ८० | |

### ३.५.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका २६: सहकारी र वित्तीय सेवा विषय क्षेत्रगत कार्यक्रम/आयोजनाको विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | | | | |
|---|---|---|---|---|---|

| | | अवधि (शुरु र समाप्ति) | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **१.६.** | **वित्तीय संस्था तथा सहकारी परिचालन** | | | **१२०००** | |
| १.६.१ | नियमित सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) अध्यावद्यिक तथा तालिम सञ्चालन गर्ने । | २०८२/८३ बाट २०८४/८५ | ५ | ३७५० | COPOMIS तालिम सञ्चालन भई अध्यावद्यिक भएको हुनेछ । |
| १.६.२ | वित्तीय साक्षरता तथा पहुँच कार्यक्रम | | ५ | २५०० | वित्तीय साक्षरता तथा पहुँच कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| १.६.३ | सहकारी संस्थाहरुको क्षमता विकास तथा प्रवर्द्धन कार्यक्रम | | ५ | ३२५० | सहकारी संस्थाहरुको क्षमता विकास तथा प्रवर्द्धन भएको हुनेछ । |
| १.६.४ | बिक्रि वितरण संकलन तालिम | | ५ | २५०० | बिक्री वितरण तथा संकलन सम्बन्धी तालिम संचालन भएको हुनेछ । |

### ३.५.९ अनुमान तथा जोखिम पक्ष

वित्तीय तथा सहकारी संस्थाहरूले स्थानीय उत्पादनको प्रवर्द्धन, त्यसको प्रशोधन र बजारीकरणमा सक्रिय भूमिका खेल्नुपर्छ । यस्ता संस्थाहरूले आर्थिक गतिविधिमा प्रत्यक्ष संलग्न भई स्थानीय स्रोत, सीप र पूँजीको परिचालन गर्न सकेमा रोजगारी सिर्जना, आम्दानी वृद्धि र समग्र आर्थिक विकासमा टेवा पुग्नेछ। तर, यस्ता संस्थाहरू अपेक्षित रूपमा सक्रिय नभएमा तय गरिएका लक्ष्यहरू हासिल गर्न कठिन हुन सक्नेछ, र विकासका प्रयासहरू जोखिमपूर्ण बन्न सक्छन् । त्यसैले वित्तीय र सहकारी संस्थाहरूलाई आर्थिक क्रियाकलापसँग नजिक बनाउँदै स्थानीय विकासको प्रमुख साझेदारको रूपमा अगाडि बढाउनु आवश्यक छ ।

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

# परिच्छेद – ४

# सामाजिक क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

नगर प्रोफाइलअनुसार बुढानीलकण्ठ नगरपालिकामा १९ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन्, जसमा १३ वटा विद्यालय कक्षा १२ सम्म अध्ययन हुने, २ वटा धार्मिक विद्यालय, २ वटा महिला विद्यालय तथा २ वटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । नगरपालिकामा साक्षरता दर ९८.६९ प्रतिशत रहेको छ र नगर क्षेत्रलाई आधिकारिक रूपमा साक्षर नगर घोषणा गरिएको छ ।

यस नगरपालिकामा भौतिक पूर्वाधार सन्तोषजनक अवस्थामा छन्, पर्याप्त जनशक्ति र विज्ञ व्यक्तिहरू उपलब्ध छन्, र संगठनात्मक संरचना तथा कानुनी कार्यविधिहरू पनि तयार छन्। शिक्षाप्रति नागरिकहरूको सचेतता उच्च छ, साथै शिक्षा विकासका लागि आवश्यक बजेट विनियोजन गर्न कानुनी प्रावधान र बजेट स्रोत समेत उपलब्ध छ। यसले गर्दा प्राविधिक शिक्षालय सञ्चालन गर्न सहज देखिन्छ । विद्यालयहरूका लागि आवश्यक जनशक्ति सहज रूपमा प्राप्त गर्न सकिन्छ, व्यक्तिगत स्तरबाट शिक्षामा लगानी गर्ने प्रवृत्ति बढ्दो छ, र नगरपालिकाले शैक्षिक सुधारका लागि थप बजेटको व्यवस्था गर्न सक्ने सम्भावना पनि देखिन्छ । साथै, प्रतिष्ठित ब्रान्डको रूपमा रहेको बुढानीलकण्ठ स्कूल यसै नगरभित्र अवस्थित भएकाले अन्य विद्यालयहरूको शैक्षिक गुणस्तर उकास्न सहयोग पुग्ने सम्भावना रहेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच विस्तार, उपयुक्त पूर्वाधारको विकास, र सक्षम तथा दक्ष नागरिक उत्पादन गर्ने आवश्यकता रहे पनि शैक्षिक गुणस्तर सुधार, पर्याप्त बजेटको व्यवस्था, प्रभावकारी कार्यक्रम सञ्चालन, अनुगमन प्रणालीको सुदृढीकरण, शिक्षक तालिम, र विद्यार्थीमैत्री सिकाइ पद्धति विकासमा चुनौतीहरू देखिन्छन्। साथै, प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्ने विद्यार्थीलाई गाउँमै सेवा गर्न प्रोत्साहन गर्ने, सुविधा

सम्पन्न विद्यालय भवनको व्यवस्थापन, र जीर्ण संरचनामा पठनपाठन गर्नुपर्ने अवस्थाजस्ता समस्याहरू प्रमुख चुनौतीका रूपमा रहेका छन्।

### ४.१.३ लक्ष्य

गुणस्तरीय शिक्षामा नगरवासीको पहुँच वृद्धि भएको हुनेछ।

### ४.१.४ रणनीति

क) प्रारम्भिक बालवालिका कार्यक्रमलाई शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी सबै बालवालिकामा सहज पहुँच पुऱ्याउने,

ख) शिक्षाको मापडण्ड अनुसार आधारभूत शिक्षाको अनिवार्य र निशुल्क पहुँच पुऱ्याउने,

ग) विद्यालयमा शिक्षाको गुणस्तरको न्यूनतम मापदण्ड निर्धारण गरी त्यसै अनुसारको अनुगमन प्रणाली कार्यान्वयनमा ल्याउने

घ) निजी विद्यालयलाई सेवामूलक बनाउँदै लैजाने।

### ४.१.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ३३: शिक्षा विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | साझरता दर (१५ वर्ष माथि) | प्रतिशत | ९९ | १०० | १०० | १०० | |
| २ | प्राविधिक विद्यालय सञ्चालन | संख्या | ३ | ४ | ४ | ४ | |
| ३ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | जना | ४५० | ६१० | ६८० | ७५० | |
| ४ | स्थानीय पाठ्य सन्दर्भ सामाग्री सहित पठनपाठन | संख्या | १९ | १९ | १९ | १९ | |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

## ४.१.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ३५: शिक्षा विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | अवधि (शुरु र समाप्ति) | वडा | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| **२.२** | **शिक्षा विज्ञान र नवप्रवर्तन** | | | | **४२००००** | |
| २.२.१ | श्री जय भद्रकाली आ.विलाई मा.वि. बनाउने योजना | २०८२/८३ बाट २०८४/८५ | १ | १ | १०००० | श्री जय भद्रकाली आ.वि लाई मा.वि. बनाइएको हुनेछ। |
| २.२.२ | गणेश मा. वि. भवन निर्माण तथा मर्मत सम्भार | | २ | ५ | २०००० | गणेश मा. वि. भवन निर्माण भएको हुनेछ। |
| २.२.३ | बुढानिलकण्ठ मा. वि निर्माण तथा मर्मत सम्भार | | ३ | ५ | २०००० | बुढानिलकण्ठ मा. वि निर्माण तथा मर्मत संभार भएको हुनेछ। |
| २.२.४ | बुढानिलकण्ठ आश्रम स्कुल निर्माण तथा मर्मत सम्भार | | ३ | ५ | २०००० | बुढानिलकण्ठ आश्रम निर्माण तथा मर्मत संभार भएको हुनेछ। |
| २.२.५ | महाकाल मा. वि. निर्माण तथा मर्मत सम्भार | | ९ | ५ | २०००० | महांकाल मा.वि. निर्माण तथा मर्मत संभार भएको हुनेछ। |
| २.२.६ | हिमालय हेल्प लाइन स्कुलको स्तरउन्नति | | १ | ५ | २०००० | हिमालय हेल्प लाइन स्कुलको स्तरउन्नति भएको हुनेछ। |
| २.२.७ | पन्चकन्या मा. वि स्तरउन्नति | | ५ | ५ | २०००० | पन्चकन्या मा. वि स्तरोन्नती भएको हुनेछ। |
| २.२.८ | बालविकास आ वि स्तरउन्नति | | ५ | ५ | २०००० | बालविकास आ वि स्तरोन्नती भएको हुनेछ। |
| २.२.९ | बुढानिलकण्ठ स्कूल स्तरउन्नति | | ५ | ५ | २०००० | बुढानिलकण्ठ स्कूल स्तरोन्नती भएको हुनेछ। |
| २.२.१० | भद्रकाली आ.विको स्तरउन्नति | | ६,७ | ५ | २०००० | भद्रकाली आ.विको स्तरोन्नती भएको हुनेछ। |
| २.२.११ | आत्माबिस्खरी आधारभुत विद्यालय व्यवस्थापन | | ३ | ५ | २०००० | आत्माबिस्खरी आ वि व्यवस्थापन भएको हुनेछ। |
| २.२.१२ | धुर्बतारा विद्यालय व्यवस्थापन | | ३ | ५ | १५००० | धुर्बतारा विद्यालय व्यवस्थापन भएको हुनेछ। |
| २.२.१३ | मदन आदर्श मा. वि व्यवस्थापन | | ४ | ५ | १५००० | मदन आदर्श मा. वि व्यवस्थापन भएको हुनेछ। |

| क्र.स. | कार्यक्रम तथा आयोजना | अवधि (शुरु र समाप्ति) | वडा | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| २.२.१४ | श्री राम आ वि (न मु ना विद्यालय ) व्यवस्थापन | | ४ | ५ | १५००० | श्री राम आ वि लाई नमुना विद्यालय बनाइएको हुनेछ। |
| २.२.१५ | महांकाल जनजागृति मा. वि.व्यवस्थापन | | ८ | ५ | १५००० | महांकाल जनजागृति मा. वि.व्यवस्थापन भएको हुनेछ। |
| २.२.१६ | पाथीभरा आ.वि व्यवस्थापन | | १० | ५ | १५००० | पाथीभरा आ.वि व्यवस्थापन भएको हुनेछ। |
| २.२.१७ | नेपाल चार्टर आ.वि व्यवस्थापन | | १० | ५ | १५००० | नेपाल चार्टर आ.वि व्य वस्थापन भएको हुनेछ। |
| २.२.१८ | बाल उद्यार नमुना मा.वि व्यवस्थापन | | १० | ५ | १५००० | बाल उद्यार नमुना मा.व व्यवस्थापन भएको हुनेछ। |
| २.२.१९ | योग्य मति मा.वि व्यवस्थापन | | ११,१२ | ५ | १५००० | योग्य मति मा.वि व्यवस्थापन भएको हुनेछ। |
| २.२.२० | जनजागृति मा. वि व्यवस्थापन | | ११ | ५ | १५००० | जनजागृति मा. वि व्यवस्थापन भएको हुनेछ। |
| २.२.२१ | ग्राम शिक्षा उच्च मा.वि व्यवस्थापन | | ११ | ५ | १५००० | ग्राम शिक्षा उच्च मा. वि. व्यवस्थापन भएको हुनेछ। |
| २.२.२२ | जनजागृति मा. वि व्यवस्थापन | | १२ | ५ | १५००० | जनजागृति मा. वि व्यवस्थापन भएको हुनेछ। |
| २.२.२३ | ग्राम शिक्षा उच्च मा.वि व्यवस्थापन | | १२ | ५ | १५००० | ग्राम शिक्षा उच्च मा. वि. व्यवस्थापन भएको हुनेछ। |
| २.२.२४ | जनउद्धार मा.वि व्यवस्थापन | | १३ | ५ | १५००० | जनउद्धार मा.वि व्यवस्थापन भएको हुनेछ। |
| २.२.२५ | नौलेंन मा वि व्यवस्थापन | | १३ | ५ | १५००० | नौलेंन मा वि व्यवस्था व्यवस्थापन भएको हुनेछ। |

### ४.१.९ अनुमान तथा जोखिम पक्ष

शिक्षा क्षेत्रमा आवश्यक जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास, क्षमता अभिवृद्धि, र प्रविधिको प्रभावकारी उपयोगका लागि सबै सरोकारवालाबीच समन्वय र सहकार्य अपरिहार्य हुन्छ। यदि सहकार्य, साझेदारी र समन्वयमा कमजोरी रह्यो भने शैक्षिक क्षेत्रमा चाहिएको परिणाम हासिल नहुने जोखिम विद्यमान रहन्छ।

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नगरबासीलाई सहज, गुणस्तरीय र समावेशी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ बुढानीलकण्ठ नगरपालिकाले स्वास्थ्य नीतिको निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। यस नीतिअन्तर्गत नगर क्षेत्रभित्र रहेका विभिन्न स्वास्थ्य संस्था—नगर अस्पताल, स्वास्थ्य चौकी, शहरी तथा आधारभूत स्वास्थ्य केन्द्र, गाँउघर र खोप क्लिनिक, प्रसूति केन्द्र, प्रयोगशाला, क्षयरोग उपचार केन्द्र, र अस्थायी परिवार नियोजन सेवासहितका संरचनाहरूले आधारभूत स्वास्थ्य सेवा पुऱ्याउँदै आएका छन्। प्रत्येक वडामा स्वास्थ्य स्वयंसेविका परिचालन गरी निःशुल्क औषधिको पहुँच र वितरण प्रणालीलाई प्रभावकारी बनाइएको छ। नगर क्षेत्रभित्र दक्ष जनशक्ति, क्रियाशील स्वास्थ्य संस्थाहरू, सचेत नागरिक र साझेदारी संस्थाहरूको सक्रिय सहभागिताले स्वास्थ्य सेवा प्रणालीलाई अझ सुदृढ बनाउँदै नागरिकमा स्वास्थ्यप्रतिको चेतना बढाउने सम्भावना उजागर भएको छ।

### ४.२.२ समस्या तथा चुनौती

हालको जीवनशैलीमा आएको परिवर्तनका कारण मानिसहरूमा शारीरिक गतिविधि घट्दै गएको छ भने अस्वस्थकर र तयारी खानाप्रतिको आकर्षण बढ्दो छ। त्यहीँ बेला खानपानमा सुधार नहुनु र रोगप्रतिरोधनका उपायबारे पर्याप्त जानकारीको अभावले स्वास्थ्य जोखिम बढाएको छ। नगरक्षेत्रमा हरियाली क्षेत्र घट्दै जानु, सवारी साधन र उद्योगको वृद्धिका कारण वायु प्रदूषण बढ्नु, विषादीयुक्त तथा मिसावट भएको खाद्यवस्तुको प्रयोग बढ्नु, र समग्रमा स्वास्थ्यप्रति जनचेतना कमजोर रहनुले बालबालिका, महिला, जेष्ठ नागरिक र सामुदायिक स्वास्थ्यमा नकारात्मक असर पार्ने प्रमुख चुनौतीहरू उत्पन्न भएका छन्।

### ४.२.३ सोच

"स्वस्थ, उत्पादनशील र खुशी नागरिक"

### ४.२.४ उद्देश्य

क) सामाजिक न्याय तथा समताको मान्यतामा आधारित भएर आधारभुत स्वास्थ्य सेवाहरूमा नगरबासीहरूको समान पहुँच पुऱ्याउने,

ख) वातावरण प्रदुषण, अस्वस्थकर खाना तथा दुषित पानीबाट सृजित रोग र जोखिमको न्युनिकरण गर्ने,

ग) नगरबासीहरूमा स्वस्थ्य जीवनशैली प्रवर्द्धन गरी स्वास्थ्य अवस्थामा सुधार ल्याउने,

घ) सबै चिकित्सा पद्दतिहरूलाई समेटर एकीकृत स्वास्थ्य सेवाको स्थापना तथा सञ्चालन गर्ने,

ङ) स्वास्थ्य सेवालाई सरल तथा गुणस्तरीय बनाउन दोहोरो प्रेषण प्रणाली स्थापना गर्ने,

### ४.२.५ रणनीति

क) स्वास्थ्य सेवामा सबैको समान पहुँच पुर्‍याउने,

ख) स्वास्थ्य प्रणालीको सुधार गरिने

ग) स्वास्थ्यलाई वहुक्षेत्रिय अवधारणाको रुपमा कार्यान्वयन गर्ने

### ४.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ३६: स्वास्थ्य तथा पोषण विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | आधारभूत सुविधा उपलब्ध स्वास्थ्य संस्था | संख्या | १२ | १३ | १३ | १४ | |
| २ | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | |
| ३ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ५ | ३ | २ | १ | |

### ४.२.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ३८: स्वास्थ्य तथा पोषण विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | वडा | अवधि (शुरु र समाप्ति) | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| **२.१** | **स्वास्थ्य तथा पोषण** | | | | **२३२५००** | |
| २.१.१ | बूढानिलकण्ठ स्वास्थ चौकी निर्माण | १,३,४,५ | २०८२/८३ बाट २०८४/८५ | १ | २५००० | बूढानीलकण्ठ स्वास्थ्य चौकी निर्माण सम्पन्न भएको हुनेछ। |
| २.१.२ | चुनिखेल फिसिओ थेरापी सेन्टर निर्माण | १३ | | १ | ५००० | चुनिखेल फिजियो थेरापी सेन्टर स्थापना भएको हुनेछ। |

मध्यमकालीन खर्च संरचना, बुढानीलकण्ठ नगरपालिका

| क्र.स. | कार्यक्रम तथा आयोजना | वडा | अवधि (शुरु र समाप्ति) | योजनाको कुल लक्ष्य | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| २.१.३ | चुनिखेल बर्थिंग सेन्टर निर्माण | १३ | | १ | ७५०० | चुनिखेल बर्थिङ्ग सेन्टर निर्माण भएको हुनेछ। |
| २.१.४ | चापालि भद्रकाली उपस्वास्थ चौकी व्यवस्थापन | २ | | ५ | १२५०० | चपली भद्रकाली उपस्वास्थ्य चौकी व्यवस्थापन भएको हुनेछ। |
| २.१.५ | आयुर्वेदिक अस्पताल व्यवस्थापन | ४ | | ५ | १२५०० | आयुर्वेदिक अस्पताल व्यवस्थापन भएको हुनेछ। |
| २.१.६ | खड्का भद्रकाली स्वास्थ चौकी व्यवस्थापन | ६ | | ५ | १२५०० | खड्का भद्रकाली स्वास्थ्य चौकी व्यवस्थापन भएको हुनेछ। |
| २.१.७ | आधारभूत स्वास्थ चौकी व्यस्थापन | ७ | | ५ | १२५०० | आधारभूत स्वास्थ्य चौकी व्यवस्थापन भएको हुनेछ। |
| २.१.९ | महांकाल स्वास्थ चौकी व्यवस्थापन | ९ | | ५ | २५००० | महांकाल स्वास्थ्य चौकी व्यवस्थापन भएको हुनेछ। |
| २.१.११ | बुढानिलकण्ठ नगर अस्पताल व्यवस्थापन | १० | | ५ | ५०००० | बुढानीलकण्ठ नगर अस्पताल व्यवस्थापन भएको हुनेछ। |
| २.१.१२ | कपन स्वास्थ चौकी व्यवस्थापन | ११ | | ५ | १२५०० | कपन स्वास्थ्य चौकी व्यवस्थापन भएको हुनेछ। |
| २.१.१३ | समुदायिक स्वास्थ चौकी व्यवस्थापन | ११ | | ५ | १२५०० | सामुदायिक स्वास्थ्य चौकी व्यवस्थापन भएको हुनेछ। |
| २.१.१४ | सहरी स्वास्थ केन्द्र व्यवस्थापन | १२ | | ५ | १२५०० | सहरी स्वास्थ्य केन्द्र व्यवस्थापन भएको हुनेछ। |
| २.१.१५ | चुनिखेल स्वास्थ चौकी व्यवस्थापन | १३ | | ५ | १२५०० | चुनिखेल स्वास्थ्य चौकी व्यवस्थापन भएको हुनेछ। |
| २.१.१६ | चुनिखेल निशुल्क एम्बुलेंस सेवा | १३ | | १० | २०००० | चुनिखेल निशुल्क एम्बुलेन्स सेवा संचालन भएको हुनेछ। |

### ४.२.९ अनुमान तथा जोखिम पक्ष

यदि सम्बन्धित निकायहरू र सरोकारवालाबीच आवश्यक सहकार्य, समन्वय र साझेदारीको अभाव रह्यो भने कोभिड-१९ जस्ता महामारीहरूले जनस्वास्थ्यमा गम्भीर असर पार्न सक्छन्। यस्ता अवस्थाले नगरबासीको सामाजिक र आर्थिक अवस्था समेत कमजोर बनाउने जोखिम रहन्छ।

मध्यमकालीन खर्च संरचना, बुढानीलकण्ठ नगरपालिका

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिकाले "एक घर, एक धारा" को अवधारणा कार्यान्वयनको अन्तिम चरणमा पुऱ्याउँदै खानेपानी पहुँच विस्तारमा उल्लेखनीय प्रगति गरेको छ। वैकल्पिक स्रोतको रूपमा वर्षा पानी संकलन (Rain Harvesting) र व्यवस्थित डिप बोरिङ प्रणालीको उपयोगका प्रयासहरू पनि भइरहेका छन्।

सफा, सुन्दर र स्वस्थ समाज निर्माणका लागि वरपरको वातावरण स्वच्छ हुनु आवश्यक छ, र त्यसका लागि गुणस्तरीय खानेपानी तथा सरसफाइलाई उच्च प्राथमिकतामा राखिएको छ। थप खानेपानी आयोजना निर्माण गर्दै स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने र फोहोरमैला व्यवस्थापनमा वैज्ञानिक विधिहरूको प्रयोग गर्नुपर्ने आवश्यकता देखिन्छ। प्रत्येक घरधुरीमा स्वच्छ पिउने पानी सुनिश्चित गर्न नगरपालिकाले योजनाबद्ध र प्रभावकारी कार्यक्रमहरू ल्याउनु आवश्यक छ।

### ४.३.२ समस्या तथा चुनौती

खानेपानी र सरसफाइको बढ्दो मागका बीच निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, सम्पन्न भइसकेका संरचनाहरूको नियमित मर्मत तथा पुनःस्थापनामा कमजोरी हुनु, र दीगो विकास लक्ष्यलाई ध्यानमा राखी आवश्यक बजेट तथा कार्यक्रम तय गर्न नसकिनु प्रमुख समस्याहरूका रूपमा देखिन्छन्। त्यस्तै, प्राकृतिक र मानवीय कारणले पानीका मुहानहरू सुक्दै जानु, शहरी विस्तारसँगै पानीको माग अत्यधिक बढ्नु, र उत्सर्जित फोहोर पानीको उचित व्यवस्थापन नहुनुले नदी, खोला, तालतलैया तथा अन्य जलस्रोतहरू प्रदूषित बन्दै जानुजस्ता चुनौतीहरू पनि यस क्षेत्रमा गम्भीर रूपमा देखिएका छन्।

### ४.३.४ लक्ष्य

सुरक्षित र पर्याप्त खानेपानी तथा सरसफाई सेवामा नगरवासीको पहुँच सुनिश्चित भएको हुनेछ।

### ४.३.४ उद्देश्य

क) नगरबासीहरूलाई स्वाच्छ खानेपानी सुविधा पुऱ्याउनु,
ख) नगरपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुऱ्याउनु,

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ४.३.५ रणनीति

क) नगरपालिकाभित्रको फोहोर नगरपालिकामै व्यवस्थापन गर्ने,

ख) स्वच्छ र स्वस्थ खानेपानी प्रत्येक घरमा पुऱ्याउन आवश्यक कार्य गर्ने,

### ४.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ३९: खानेपानी तथा सरसफाइ विषय क्षेत्रगत नतिजा सुचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | घरधुरीमा धारा जडान भएको परिवार | प्रतिशत | ९५ | १०० | १०० | १०० | |
| २ | खानेपानी ट्यांकी स्थापना | संख्या | १० | १२ | १४ | १६ | |
| ३ | सेफ्टीटंकी सहित पक्की शौचालय भएका घरपरिवार | प्रतिशत | ९५ | ९८ | ९९ | १०० | |
| ४ | शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | |

### ४.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ३१: खानेपानी तथा सरसफाइ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | जम्मा लक्ष्य | अनुमानित लागत रु हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **२.१** | **खानेपानी तथा सरसफाइ** | | | **३३५०००** | |
| १ | खानेपानी तथा सरसफाई प्रवर्द्धन कार्यक्रम | सालबसाली | ३ | १६७५०० | खानेपानी तथा सरसफाई प्रवर्द्धन भएको हुनेछ। |
| २ | खानेपानी तथा सरसफाई संरचना निर्माण र मर्मत संभार कार्यक्रम | सालबसाली | ३ | १६७५०० | खानेपानी तथा सरसफाई संरचना निर्माण र मर्मत संभार भई स्वच्छ सफा खानेपानीको आपूर्ती भएको हुनेछ। |

### ४.३.९ अनुमान तथा जोखिम पक्ष

खानेपानीका स्रोतमा पर्ने असरलाई न्यून पार्नु एक प्रमुख चुनौतीको रूपमा देखिन्छ। साथै, व्यवस्थित बसोबासको अभाव, फोहोरमैलाको प्रभावकारी व्यवस्थापन नहुनु, र प्रदूषण नियन्त्रणमा कमजोरी रहनुजस्ता

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

विषयहरू खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि हासिल गर्नका लागि जोखिमपूर्ण पक्षहरूका रूपमा चिनिएका छन् ।

## ४.४ महिला, बालबालिका र लक्षित वर्ग (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण)

### ४.४.१ पृष्ठभूमि

नेपालको सामाजिक संरचनामा अझै पनि पुराना सामाजिक, जातीय, लैङ्गिक र वर्गीय धारणाहरू व्यापक रूपमा विद्यमान छन्, जसका कारण सामाजिक रूपान्तरण सुस्त छ । सामाजिक जागरण र राजनीतिक चेतनाको कमीका कारण लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान, सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिहरूका अधिकार तथा समावेशी विकासका मुद्दाहरू सामाजिक विकासका केन्द्रमा रहेका छन् । यी समूह र क्षेत्रहरूको आवश्यकतामा विविधता भएकाले तिनीहरूको सन्दर्भमा लक्षित र सान्दर्भिक कार्यक्रम आवश्यक छन् ।

बुढानीलकण्ठ नगरपालिकाका सन्दर्भमा पनि यस्ता सवालहरू अत्यन्त सान्दर्भिक छन्, र विकास योजनाहरूले यी विषयहरूलाई प्राथमिकतामा राख्दै समेट्नुपर्ने आवश्यकता छ । लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि सशक्तिकरणमुखी कार्यक्रम सञ्चालन गर्ने, महिलाहरूलाई आयआर्जनमा जोड्ने अवसर सिर्जना गर्ने, साथै योजना निर्माण प्रक्रिया तथा नगरका विविध गतिविधिमा महिला, बालबालिका र अन्य लक्षित समूहहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकिने सम्भावना रहेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

महिलाहरू पूर्ण रूपमा आर्थिक रूपमा आत्मनिर्भर बन्न नसक्नु, हिंसालाई प्रोत्साहन गर्ने सामाजिक संरचना, सोच, मूल्य र परम्पराको निरन्तरता, तथा लैङ्गिकतामा आधारित हिंसाको उपस्थितिले महिला र बालबालिका अझै पनि जोखिममा परिरहेका छन् । विशेष गरी दलित, जनजाति र लोपोन्मुख समुदायका महिलाहरू सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक र व्यक्तिगत दृष्टिले कमजोर अवस्थामा छन् । महिला तथा वञ्चित वर्गको सहभागिता औपचारिक प्रतिनिधित्वमा मात्र सीमित रहनु पनि एक प्रमुख समस्या हो । महिलालाई आर्थिक र

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

राजनीतिक रूपमा सशक्त बनाउने, र बाल अधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्दै तिनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरूमा पर्दछन् ।

### ४.४.३ लक्ष्य

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, यौनिक तथा लैजिक अल्पसंख्यक लगायत लक्षित वर्गले मर्यादित जीवनयापन गरेका हुनेछन् ।

### ४.४.४ उद्देश्य

क) महिलाहरुको आय आर्जनको क्षमता वृद्धि भएको
ख) महिलाहरुको नेतृत्व विकास भएको
ग) बाल अधिकार प्रबर्द्धन भएको
घ) लैङ्गिक हिंसा न्यूनीकरण भएको हुने
ङ) नगरपालिकाको योजनाका सबै चरणहरुमा महिला लगायत लक्षितबर्गको सहभागिता सुनिशचित गर्ने
च) बालबालिका तथा किशोर किशोरीहरुको शारिरिक तथा बौद्धिक बिकासको लागि आवश्यक पूर्वाधारको विकास गर्ने
छ) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका ब्यक्तिहरु राज्यबाट पाउने सुविधाहरुबा लाभान्वित भएको हुने

### ४.४.५ रणनीति

क) महिलालाई सकारात्मक विभेदमार्फत आर्थिक, सामाजिक विकासका सबै क्षेत्रमा अगाडि ल्याउने ,
ख) जनजाती, दलित एवं सीमान्तकृत वर्गको सबै सामाजिक, आर्थिक क्रियाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउँदै लैजाने,

### ४.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ४२: महिला बालबालिका तथा लक्षित वर्ग विकासका विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | ऐन, नियम र कार्यविधि निर्माण सम्बन्धी अभिमुखिकरण प्राप्त गर्ने लक्षित वर्ग | संख्या | ८ | १० | १५ | २० | |
| २ | लैंगिक उत्तरदायी बजेट निर्माण | पटक | १ | १ | १ | १ | |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीको लागि क्षमता विकास तालिम | संख्या | ४ | ५ | ७ | ८ | |
| ४ | सामाजिक सुरक्षामा आवद्ध संख्या | संख्या | ५६१६ | ५९८५ | ६२३६ | ६५९० | |

### ४.४.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ४४: महिला बालबालिका तथा लक्षित वर्ग विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | वडा | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **२.४** | **महिला तथा वालवालिका तथा लक्षित वर्ग** | | | **२४२५००** | |
| २.४.१ | सिपमुलक तालिमहरु | १,५,६,७, ८,९,११,१२,१३ | २०८२/८३ बाट २०८४/८५ | १२५०० | सिपमुलक तालिमहरु सञ्चालन भएको हुनेछ। |
| २.४.२ | बालबालिका फुटसल खेल कार्यक्रम | ४,५ | | १२५०० | बालबालिका फुटसल खेल कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| २.४.३ | आत्म सुरक्षा तालिम | ४,५ | | १२५०० | आत्मरक्षा तालिम सञ्चालन भएको हुनेछ। |
| २.४.४ | आमाको भान्सा तालिम | १० | | १२५०० | आमाको भान्सा तालिम सञ्चालन भएको हुनेछ। |
| २.४.५ | महिला भवन निर्माण | ५,८,९,१०, ११,१२,१३ | | ७०००० | महिला भवनहरु निर्माण भएका हुनेछन्। |
| २.४.६ | महिला सशक्तिकरण कार्यक्रम | १,२,३,४, ५,६,७,८,९ | | १७५०० | महिला सशक्तिकरण कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| २.४.७ | बालबालिका अभिमुखिकरण कार्यक्रम | १ | | १७५०० | बालबालिका अभिमुखिकरण कार्यक्रम संचालन भएको हुनेछ। |
| २.४.८ | बालपोषण कार्यकम | ८,९ | | १७५०० | बालपोषण कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| २.४.९ | महिला लक्षित व्यवसाय स्थापना कार्यक्रम | ६,७ | | १५००० | महिला लक्षित व्यवसाय स्थापना भएको हुनेछ। |
| २.४.९ | महिला नेतृत्व भएको उद्योग प्रवर्द्धन | १२ | | १५००० | महिला नेतृत्व भएको उद्योग प्रवर्द्धन भएको हुनेछ। |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| क्र.स. | कार्यक्रम तथा आयोजना | वडा | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| २.४.१० | बाल मैत्री योजना निर्माण | १२ | | १५००० | बालमैत्री योजना निर्माण भएको हुनेछ । |
| २.४.११ | अपाङ्ग मैत्री चिल्ड्रेन पार्क निर्माण तथा व्यवस्थापन | ६ | | २५००० | अपाङ्गमैत्री चिल्ड्रेन पार्क निर्माण तथा व्यवस्थापन भएको हुनेछ । |

### ४.४.९ अनुमान तथा जोखिम पक्ष

योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्राथमिकताका आधारमा बजेट विनियोजन गर्नुका साथै समयसापेक्ष नीतिगत सुधार आवश्यक देखिन्छ । यदि सम्बन्धित निकायहरू र संरचनाहरूको क्षमता अभिवृद्धि तथा सक्रिय सहभागिता सुनिश्चित गर्न सकिएन भने, निर्धारित लक्ष्यहरू हासिल नहुने जोखिम रहने सम्भावना उच्च रहन्छ ।

## ४.५ युवा तथा खेलकुद र कला

### ४.५.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिकामा रहेका युवाहरूलाई आधुनिक प्रविधि, विशेषतः सूचना प्रविधि र कृत्रिम बौद्धिकता जस्ता क्षेत्रमा अभिमुख गराई सामाजिक रूपान्तरण र आर्थिक समृद्धिमा सक्रिय बनाउने अवसर विद्यमान छ । यहाँका युवाक्लबहरू र खेलकुद गतिविधिहरूले युवाहरूको ऊर्जा र क्षमतालाई सकारात्मक दिशातर्फ मोड्ने आधार तयार पारेका छन् । केही युवा राष्ट्रियस्तरमै आफ्नो पहिचान बनाउन सफल भइसकेका छन्, जसले नगरको सम्भावनालाई अझ विस्तार गर्न संकेत गर्छ। यस्तो सन्दर्भमा, नगरपालिकाले युवालाई उद्यमशीलता, प्रविधिमैत्री नवप्रवर्तन, र व्यावसायिक खेलकुदमा संलग्न गराई नगरलाई सिर्जनशील, स्मार्ट र समुन्नत बनाउने दिशामा नीतिगत पहल लिन आवश्यक देखिन्छ ।

### ४.५.२ समस्या तथा चुनौती

बुढानीलकण्ठ नगरपालिकामा युवामुखी नीति, योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु प्रमुख समस्या हो । युवाको समग्र विकासका लागि ठोस योजना नहुनु, आवश्यक तथ्यांक अद्यावधिक

नहुनु, र खेलकुद विकासका लागि पूर्वाधार तथा खेल सामग्रीको अभाव रहनुजस्ता कमजोरीहरू विद्यमान छन् । साथै, उपलब्ध पूर्वाधारहरू पनि समयसापेक्ष रूपमा सुधार र आधुनिकीकरण हुन नसक्नु अर्को चुनौती हो । युवाहरूमा वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षण, स्वरोजगारका स्थानीय अवसरहरूको कमी, युवापलायन र बेरोजगारीको वृद्धि तथा युवाशक्तिलाई रचनात्मक र उत्पादनमूलक क्षेत्रमा संलग्न गराउन नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ४.५.३ लक्ष्य

यूवाहरु नगरको दीर्घकालीन सोच प्राप्तीमा योगदान पुऱ्याउन सक्ने जनशक्तिको रुपमा विकास भएको र नगरमा खेलकुदको विकास समेत भएको हुनेछ ।

### ४.५.४ उद्देश्य

क) यूवाहरुमा उद्यमशिलता, नेतृत्व, सीपयूक्त र दक्ष जनशक्तिका रुपमा विकास गर्ने

ख) यूवाहरु सामाजिक तथा परोपकारी कार्यहरुमा संलग्न भएका हुनेछन् ।

ग) नगरमा खेलकुल गतिविधिहरु बृद्धि गर्ने

घ) खेलकुलका लागि आवश्यक संस्थागत संरचना, जनशक्ति तथा सामाग्रहरुको व्यवस्था भएका हुनेछन् ।

### ४.५.५ रणनीति

क) यूवाका लागि नगरपालिका तहमा प्राविधिक सीप तथा ब्यवसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्ने,

ख) परम्परागत धर्म, संस्कृति, लिपी आदिको विकासमा जोड दिने ।

### ४.५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ४५: युवा तथा खेलकुद र कला विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | कैफियत |
| १ | संस्थागत क्षमता अभिवृद्धि | संख्या | ८ | १० | १२ | १५ | |
| २ | खेलकुद पूर्वाधार निर्माण | संख्या | ३ | ४ | ६ | ८ | |
| ३ | आयोजना हुने खेलकुद प्रतियोगिता वार्षिक | पटक | २ | २ | २ | २ | |

### ४.५.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ४७: युवा तथा खेलकुद र कला विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

मध्यकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | अनुमानित लागत रु हजारमा | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| **क** | युवा तथा खेलकुद | | **३७९५००** | |
| **१** | खेलकुद पूर्वाधार विकास, मर्मत तथा व्यवस्थापन कार्यक्रम | २०८२/८३ २०८४/८५ | १८९७५० | खेलकुद पूर्वाधारहरुको निर्माण तथा मर्मत संभार गरि व्यवस्थित भएको हुनेछ। |
| २ | युवा स्वरोजगार तथा सिर्जनशीलता विकास कार्यक्रम | २०८२/८३ २०८४/८५ | १८९७५० | युवा स्वरोजगार तथा सिर्जनशीलता विकास कार्यक्रम सञ्चालन भएको हुनेछ। |

### ४.५.९ अनुमान तथा जोखिम पक्ष

यदि युवा, खेलकुद र कला क्षेत्रका लागि आवश्यक पूर्वाधारको विकास र प्रतिभाशाली व्यक्तिहरूलाई समयमै आवश्यक प्रोत्साहन प्रदान गर्न सकिएन भने, यस क्षेत्रबाट अपेक्षित उपलब्धिहरू हासिल नहुने सम्भावना रहन्छ। यसले युवाको क्षमताको सदुपयोगमा बाधा पुग्न सक्छ र समग्र सामाजिक तथा सांस्कृतिक विकासमा पनि नकारात्मक प्रभाव पार्न सक्छ।

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

# परिच्छेद – ५

# पूर्वाधार क्षेत्र

## ५.१ बस्ती विकास, आवास तथा भवन

### ५.१.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिकाले स्थानीय वस्तुगत अवस्था र आवश्यकता अनुसार आवास योजना निर्माण गर्ने अधिकार राख्दछ, र यस प्रक्रियामा नगरवासीको सक्रिय सहभागिता महत्वपूर्ण मानिन्छ । प्रत्येक वडामा रहेका खुला क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी व्यवस्थित आवास निर्माण गर्न सकिनेछ। मौलिक वास्तुकलाको संरक्षणमार्फत सांस्कृतिक पहिचान कायम राख्दै, यस्तो निर्माणलाई प्रोत्साहन दिने नीतिगत व्यवस्था गर्न सकिनेछ । साथै, आवास क्षेत्रभित्र वृद्धाश्रम, धर्मशाला, ध्यान केन्द्र तथा महिला सामुदायिक भवनहरू स्थापना गर्ने सम्भावना रहेको छ । बिस्तार भइरहेका बजार क्षेत्रलाई आवासमैत्री बनाउने र बाढी तथा डुवान प्रतिरोधी घर निर्माण गरी नमुना बस्तीको रूपमा विकास गर्ने सम्भावनाहरू पनि स्पष्ट देखिन्छन् ।

### ५.१.२ समस्या तथा चुनौती

शहरी सेवाहरूलाई व्यवस्थित गर्न आवश्यक पर्ने आधुनिक प्रविधिमा आधारित घर नम्बर प्रणाली अझै लागू हुन सकेको छैन । भवन निर्माण स्वीकृति प्रक्रियामा केही सुधार भए पनि नक्सा पास प्रणाली अझै कागजी प्रक्रियामा सीमित छ र विद्युतीय माध्यममार्फत कार्यान्वयन गर्न बाँकी रहेको छ । सडक, विद्युत, खानेपानी, ढल, फोहोर व्यवस्थापन, सञ्चार, नापी लगायतका आन्तरिक तथा बाह्य सेवा प्रदायक निकायहरूबीच समन्वय अभावका कारण भवन स्वीकृति प्रणालीलाई एकीकृत गर्दै 'इलेक्ट्रोनिक बिल्डिङ पर्मिट सिस्टम' लागू गर्न नसकिएको अवस्था छ । वैज्ञानिक भू-उपयोग र न्यूनतम शहरी मापदण्डको आधारमा आवास क्षेत्रको व्यवस्थापन गर्न नसक्नु पनि यस क्षेत्रका प्रमुख चुनौतीहरूमा पर्दछ ।

### ५.१.३ लक्ष्य

आवासको सुरक्षाको अवस्था र उत्थानशीलतामा सुधार भएको हुनेछ ।

### ५.१.४ उद्देश्य

क) नगरभित्र बन्ने भवनहरु भवनसंहिता अनुरुपका हुनेछन् ।
ख) व्यवस्थित वस्ती विकास योजना निर्माण र कार्यान्वयन भएका हुनेछन् ।

### ५.१.५ रणनीति

क) शहरीकरणलाई थप व्यवस्थित बनाउन वस्ती विकास योजना तयार गर्ने र कार्यान्वयनमा लैजाने,

### ५.१.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ५१: भवन आवास बस्ती तथा सहरी विकास विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | एकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | भवन अनुमति नभएको भवन र संरचनाहरुलाई स्वीकृति प्रणालीको दायराभित्र ल्याउने कार्य (कच्ची घर समेत) | संख्या | ११५ | ११० | १०५ | १०० | |
| २ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ८० | ८५ | ८८ | ९० | |
| ३ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | १०० | १०० | १०० | १०० | |
| ४ | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ९० | ९५ | ९८ | १०० | |
| ५ | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | २ | ३ | ४ | ५ | |

### ५.१.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ५३: भवन आवास बस्ती तथा सहरी विकास विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | जम्मा लक्ष्य | अनुमानित लागत रु हजारमा | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **क** | भवन आवास बस्ती तथा सहरी विकास | | | ६८९,५०० | |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| १ | भवन आवास बस्ती तथा सहरी विकास सम्बन्धी कार्यक्रमहरु | सालबसाली | ३ | ६८९,५०० | भवन आवास बस्ती तथा सहरी विकास सम्बन्धी विभिन्न निर्माणका कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् । |

### ५.१.९ अनुमान तथा जोखिम पक्ष

भू–उपयोग, आवास, बस्ती विकास तथा भवन निर्माणसम्बन्धी मापदण्डको तयारी र कार्यान्वयनमा क्रमशः सुधार र अभिवृद्धि हुने अपेक्षा गरिएको छ । तर, भूस्वरूपमा भइरहेका तीव्र परिवर्तनहरू र शहरीकरणको तीव्र गतिका कारण वातावरणीय क्षति बढ्ने, जसले नगर क्षेत्रको सौन्दर्य, हरियाली र स्वच्छतामा गिरावट ल्याउने जोखिम विद्यमान छ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिकाका सबै वडाहरू सडक सञ्जालबाट जोडिएका छन्, तर ती सडकहरू आवश्यक मापदण्डअनुसार स्तरीय बन्न सकेका छैनन्। सडक र यातायात क्षेत्रको व्यवस्थित विकासका लागि नगरपालिकाले तयार पारेको सडक गुरुयोजना, २०७७ ले विद्यमान सडकहरूको वर्गीकरण, प्राथमिकिकरण, मापदण्ड निर्धारण तथा लगानीको दिशा निर्धारणमा स्पष्ट मार्गदर्शन गरेको छ । तर, नालाको पानीको उचित व्यवस्थापन नहुनुले वर्षायाममा सडक तथा यातायातमा अवरोध सिर्जना गर्ने समस्या देखिन्छ। साथै, साभा अधिकारसम्बन्धी अस्पष्टताका कारण संघीय वा प्रदेश कानुनले स्पष्ट रूपले परिभाषित नगरेका कुराहरूलाई सम्बोधन गर्दै संविधान अनुरूपको स्थानीय ऐन, नियमावली तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्नु नगरपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

सडक तथा यातायात क्षेत्रको विकासमा पर्याप्त बजेटको अभाव, स्पष्ट मापदण्डका आधारमा सडक निर्माण तथा विस्तार गर्न नसक्नु, निर्माण मापदण्डको पालना नहुनु, र गुणस्तरीय सामग्रीको प्रयोगमा कमजोरी हुनु प्रमुख समस्याहरू हुन् । पक्की पुल, कजवे र कल्भर्टको अभाव, प्राविधिक जनशक्तिको कमी, र सडक निर्माणमा



मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

स्थानीयस्तरमा अपनत्व नबढ्नुका कारण दीगो विकासमा बाधा आएको छ। साथै, निर्माणपछि मर्मत–सम्भारको जिम्मेवारी उपभोक्ता समितिमा प्रभावकारी रूपमा नजानु, प्राविधिक ज्ञानको अभाव, नाली, ग्याबियनवाल, साइनबोर्ड जस्ता पूर्वाधारको अभाव, खोला कटानबाट सडक क्षति, मर्मतको लागि बजेट व्यवस्था गर्न नसक्नु, सबै क्षेत्रमा सार्वजनिक यातायात नपुग्नु र अनुगमन तथा मूल्यांकन प्रक्रियालाई मात्र औपचारिकतामा सीमित राखिनुजस्ता चुनौतीहरू सडक तथा यातायात व्यवस्थापनमा विद्यमान छन् ।

### ५.२.३ लक्ष्य

क) नगरमा गुणस्तरीय सडक सञ्जालको विस्तार भएको हुने ।
ख) नगरभित्र ढलको सुविधा विस्तार भएको हुने ।

### ५.२.४ उद्देश्य

क) सडकको परिमाण र गुणस्तरमा सुधार भएको हुनेछ ।
ख) सडकको नियमित मर्मत सम्भार गरिने ।
ग) पुलको निर्माण तथा मर्मत सम्भार भएको हुनेछ ।
घ) ढल प्रणालीको विस्तार भएको हुने ।
ङ) भएका ढलहरुको नियमित मर्मत सम्भार भएको हुनेछ ।

### ५.२.५ रणनीति

क) नगरभित्र सडक यातायातको विकासको उच्च प्राथमिकताको साथ अघि बढाइने ।
ख) नगरभित्र रहेका सडक लगायत सार्वजनिक संरचनाहरुको मापदण्ड तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने,
ग) यातायात व्यवस्थापनको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

### ५.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ५४: सडक तथा यातायात व्यवस्था विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | स्थानीय सडक (कालोपत्रे) | प्रतिशत | ८५ | ९० | ९३ | ९५ | |
| २ | स्थानीय सडक (खण्डास्मित) | प्रतिशत | १० | ८ | ७ | ५ | |
| ३ | स्थानीय सडक (धुले) | प्रतिशत | ३ | ३ | २ | २ | |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ३० मिनेटको दुरीमा यातायात पहुँच भएका जनसंख्या | प्रतिशत | ९७ | ९८ | ९९ | १०० | |

### ५.२.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ५६: सडक तथा यातायात व्यवस्था विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **क** | सडक तथा यातायात | | | | |
| **१** | सडक तथा यातायात पूर्वाधार विकासका कार्यक्रम | सालबसाली | ३ | ४९८,९५० | सडक, पुल तथा यातायात पूर्वाधार निर्माण तथा व्यवस्थापन भएको हुनेछ । |

### ५.२.९ अनुमान तथा जोखिम पक्ष

सडक निर्माण तथा स्तरोन्नतीका कार्यहरूमा अन्तरसरकारी समन्वय र सहकार्यमा विस्तार हुँदै जाने अपेक्षा गरिएको छ । तर उपभोक्ता समिति र सरोकारवाला निकायहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न नसकेमा योजनाको प्रभावकारी कार्यान्वयनमा कठिनाइ उत्पन्न हुन सक्छ, जसका कारण निर्धारित लक्ष्यहरू प्राप्त नहुने जोखिम रहने सम्भावना रहन्छ ।

## ५.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### ५.३.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिकामा विद्युत पहुँचका सन्दर्भमा उल्लेखनीय प्रगति भइसकेको छ, जहाँ करिब सम्पूर्ण घरधुरीहरू राष्ट्रिय विद्युत सञ्जालमा आबद्ध भइसकेका छन् । सम्पूर्ण क्षेत्रमा विद्युतीकरण सम्पन्न भइसकेकोले अब विद्युत क्षेत्रमा गरिने लगानीलाई अन्य प्राथमिक क्षेत्रमा पुनःकेन्द्रित गर्न सकिने सम्भावना रहेको छ। साथै, वैकल्पिक ऊर्जा प्रविधिहरू—जस्तै बायोग्यास, विद्युतीय चुलोको प्रवर्द्धन, र सौर्य ऊर्जा प्रणाली—प्रयोगमा ल्याउने पहलहरू भइरहेको देखिन्छ। यिनै सन्दर्भमा, नगरपालिकाको ‘उज्यालो वडा अभियान’ अन्तर्गत सडक बत्ती व्यवस्थापन जस्ता कार्यक्रमहरूलाई समेत विस्तार गर्दै लैजान सकिने सम्भावना रहेको छ ।

मध्यमकालीन खर्च संरचना, बुढानीलकण्ठ नगरपालिका

### ५.३.२ समस्या तथा चुनौती

बुढानीलकण्ठ नगरपालिकाका लागि अबको प्रमुख आवश्यकता सुरक्षित, भरपर्दो र दीगो विद्युत आपूर्तिको सुनिश्चितता हो । अव्यवस्थित रूपमा झुन्ड्याइएको विद्युत तारहरूले न केवल जोखिम बढाएका छन्, बरु सहरको सौन्दर्यमा पनि असर पुऱ्याएका छन् । वैकल्पिक विधिको प्रयोग गर्दै विद्युत प्रसारण गर्ने प्रयास भए पनि अझ प्रभावकारी व्यवस्थापन आवश्यक देखिन्छ । सबै क्षेत्रमा पर्याप्त क्षमताको विद्युत पहुँच विस्तार गर्नु र लोडसेडिङविना नियमित आपूर्ति कायम गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरूका रूपमा रहेका छन् ।

### ५.३.३ लक्ष्य

नगरभित्र सुरक्षित र सफा उर्जाको प्रयोगमा वृद्धि भएको हुने।

### ५.३.४ उद्देश्य

क) विद्युत प्रसारण प्रणाली सुरक्षित र भरपर्दो भएको हुने,
ख) ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउने,

### ५.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ५७: विद्युत तथा वैकल्पिक ऊर्जा विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | **आ. व. २०८२/८३** | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | एलपी ग्याँस | प्रतिशत | ९७ | ९८ | ९८ | ९८ | |
| २ | सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | |

### ५.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ५९: विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण

| **क्र सं** | **क्रियाकलापको नाम** | **अवधि (शुरु र समाप्ति)** | **जम्मा लक्ष्य** | **अनुमानित लागत रु (हजार)** | **आगामी तीन वर्षको उपलब्धि सूचक** |
|---|---|---|---|---|---|
| **क** | विद्युत तथा वैकल्पिक ऊर्जा | | | **७७६५००** | |
| १ | विद्युत तथा वैकल्पिक ऊर्जा सम्बन्धी कार्यक्रम | सालबसाली | ३ | ७७६५०० | शतप्रतिशत विद्युत व्यवस्थापन भई वैकल्पिक उर्जा प्रयोग वृद्धि भएको हुनेछ । |

### ५.३.९ अनुमान तथा जोखिम पक्ष

उज्यालो वडा अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरवासी तथा सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य अत्यावश्यक छ । यदि सबै पक्षको सक्रिय सहभागिता र समन्वय कायम गर्न सकिएन भने, विद्युत सेवा विस्तार तथा पहुँचसम्बन्धी लक्ष्यहरू पूरा गर्न कठिनाइ हुन सक्छ, जसले योजनाका लक्ष्य र उद्देश्य प्राप्त नहुने जोखिम उत्पन्न गराउने सम्भावना रहन्छ ।

## ५.४ विज्ञान, सूचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिका विज्ञान, सूचना तथा सञ्चार प्रविधिको सञ्जालमा आबद्ध भइसकेकोले सूचना प्रविधिमा आधारित शासन प्रणाली (E-Governance) लागू गर्ने तथा शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, राजस्व संकलन र सूचना सेवा प्रवाहमा प्रविधिको प्रभावकारी प्रयोग गर्ने सम्भावना देखिन्छ । आर्थिक विकासका लागि सूचना प्रविधि अपरिहार्य बनिसकेको सन्दर्भमा नगरपालिकाले सूचना तथा सञ्चारको पूर्वाधार विस्तार र प्रवर्द्धनका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ ।

### ५.४.२ समस्या तथा चुनौती

यद्यपि संविधानले सूचना तथा सञ्चारलाई मौलिक हकको रूपमा मान्यता दिएको छ, बुढानीलकण्ठ नगरपालिकामा नेटवर्क कभरेज अझै पनि कमजोर देखिन्छ । GSM सेवा (एन.टी.सी, एनसेल) का टावरहरू संचालनमा रहे पनि सामान्य हुरी, बतास वा वर्षाका समयमा सञ्जाल अवरुद्ध हुने समस्या छ। इन्टरनेट सेवाको विस्तार र गुणस्तरमा सुधार आवश्यक छ, र पर्याप्त मात्रामा अनलाइन पोर्टल नहुनुले नागरिकहरूलाई घरबाटै सेवा प्राप्त गर्न कठिनाइ भइरहेको छ । टेलिफोन तथा मोबाइल नेटवर्क सुदृढ बनाउन आवश्यक स्थानहरूमा टावर विस्तार गर्नु, विद्यालय र सार्वजनिक स्थानमा इन्टरनेट पहुँच बढाएर निःशुल्क वाइफाइ सुविधा उपलब्ध गराउनु, साथै सम्पूर्ण नगर क्षेत्रमा सञ्चार पूर्वाधारको क्षमता अभिवृद्धि गर्नु वर्तमानका प्रमुख चुनौतीहरू हुन् ।

बुढानीलकण्ठ नगरपालिका मध्यमकालीन खर्च संरचना,

### ५.४.३ लक्ष्य

सञ्चार सेवा समसामयिक, गुणस्तरीय, भरपर्दो र सर्वसुलभ हुने।

### ५.४.४ उद्देश्य

क) आवश्यकता अनुसारका क्षमता भएका उपकरणहरुको प्रयोग भएको हुने,

ख) संचार उपकरणको नियमित मर्मत संभार भएको,

### ५.४.५ रणनीति

क) विज्ञान, सूचना र प्रविधिलाई एकीकृत रुपमा विकास गर्ने व्यवस्था मिलाइने।

### ५.४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६०: सूचना तथा सञ्चार विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ | |
| २ | मोबाइल प्रयोगकर्ता | प्रतिशत | ९६ | ९६ | ९७ | ९८ | |
| | नगरपालिकामा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | संख्या | ४३ | ४४ | ४५ | ४६ | |
| | इन्टरनेट सेवा उपलब्ध घरपरिवार | प्रतिशत | ९२ | ९५ | ९८ | १०० | |
| | मोबाइल प्रयोगकर्ता | प्रतिशत | ९७ | ९८ | ९९ | ९९ | |

### ५.४.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ६२: सूचना तथा सञ्चार विषय क्षेत्रगत आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **क** | सूचना तथा सञ्चार | | | **१५२००** | |
| **१** | सूचना तथा सञ्चार विषय क्षेत्रका कार्यक्रमहरु | सालबसाली | ३ | १५,२०० | सूचना तथा सञ्चार सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन भएको हुनेछ। |



मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

**५.४.९ अनुमान तथा जोखिम पक्ष**

यदि आवश्यक बजेटको सुनिश्चितता, दक्ष मानव संसाधनको उपलब्धता, र प्रविधिको प्रभावकारी उपयोग सुनिश्चित गर्न सकियो भने सञ्चार तथा सूचना प्रविधिसम्बन्धी योजनाबाट अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिनेछ। तर महामारी, प्राविधिक अवरोध वा स्रोत साधनको अभावका कारण यस्ता पहलहरू अवरुद्ध भएमा योजनाका लक्ष्य र उद्देश्य प्राप्त नहुने जोखिम विद्यमान रहन्छ।

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

# परिच्छेद – ६

# वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ६.१ वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण

### ६.१.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिकाको करिब ४४ प्रतिशत भू–भाग वन क्षेत्रले ओगटेको छ, जसमा शिवपुरी–नागार्जुन राष्ट्रिय निकुञ्जसहितका सामुदायिक वनहरू पनि पर्दछन् । यस क्षेत्र जैविक विविधताले भरिपूर्ण छ, जहाँ विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु, जडीबुटी र चराचुरुङ्गी पाइन्छन्। यस्ता वन क्षेत्रले पार्क तथा मनोरञ्जनस्थल विकासका लागि उपयुक्त आधार प्रदान गर्नुका साथै अनुसन्धानमूलक कार्यहरूलाई प्रवर्द्धन गर्ने सम्भावना राख्दछन् । साथै, वनमा आधारित उत्पादन र उद्यमशीलताका लागि काठमाडौँ उपत्यकाको ठूलो बजार पहुँच यस नगरपालिकाको एक प्रमुख सम्भावना बनेको छ ।

### ६.१.२ समस्या तथा चुनौती

वस्ती विकास र शहरीकरणको विस्तारसँगै खुला क्षेत्र र वन क्षेत्र अतिक्रमणमा पर्नु, वन तथा जैविक विविधतासम्बन्धी विस्तृत अभिलेखको अभाव, र भूमि तथा जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षणका लागि स्पष्ट नीति तथा कार्ययोजनाको कमी यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् । विशेषगरी जलाधार व्यवस्थापन योजनाको अभावले गर्दा लोपोन्मुख वनस्पति र वन्यजन्तुहरूको संरक्षणमा चुनौती बढेको छ । जैविक विविधताको संरक्षण सुनिश्चित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्नु आजको प्रमुख आवश्यकता र चुनौती बनेको छ ।

### ६.१.३ लक्ष्य

वनको हैसियत तथा शहरी क्षेत्रको हरियालीमा वृद्धि र वातावरणीय स्वच्छतामा दीगो सुधार भएको हुनेछ

### ६.१.४ उद्देश्य

क) सडक किनार, घरजग्गा तथा सार्वजनिक खाली जमिनमा हरियाली वृद्धि हुनुका साथै वन क्षेत्रको संरक्षण भएको हुने,

ख) नदी तथा पोखरीहरुको संरक्षण, प्रवर्द्धन, सफाई तथा पुथा पुनर्स्थापना भएको हुने

### ६.१.५ रणनीति

क) वनक्षेत्रको दीगो व्यवस्थापनका माध्यमबाट वनको संरक्षण तथा गुणस्तर वृद्धि गरी सन्तुलित आर्थिक, सामाजिक तथा वातावरणीय भालको सुनिश्चित गर्ने,

ख) गैरकाष्ठ वन पैदावारको उत्पादन तथा व्यवस्थापन सुधार गरी आयआर्जनको स्रोतको रुपमा विकास गर्ने,

### ६.१.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६३: वन तथा जैविक विविधता क्षेत्रको सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | वन क्षेत्र | प्रतिशत | ४३.९ | ४३.९ | ४३.९ | ४३.९ | |
| २ | सामुदायिक वन | वटा | ७ | ७ | ७ | ७ | |

### ६.१.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ६५: वन तथा जैविक विविधता व्यवस्थापन आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **क** | वन तथा जैविक विविधता संरक्षण | | | **१५९,२५०** | |
| १ | वन तथा जैविक विविधता संरक्षण सम्बन्धि कार्यक्रमहरु | २०८२/०८३ २०८४/८५ | ३ | १५९,२५० | वन तथा जैविक विविधता संरक्षण सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका हुनेछन्। |

### ६.१.९ अनुमान तथा जोखिम पक्ष

यदि समुदाय र सरोकारवालाहरूको सक्रिय सहभागितासहित स्रोत साधनको लगानीलाई प्राथमिकता दिइयो भने वन तथा जैविक विविधताको संरक्षण र व्यवस्थापनमा अपेक्षित उपलब्धि हासिल हुने विश्वास गर्न सकिन्छ। तर, जलवायु परिवर्तनको असर, स्रोतको अनियन्त्रित दोहन र उत्खनन, साथै अनियन्त्रित निर्माण कार्यका कारण वातावरणीय सन्तुलनमा गम्भीर असर पर्ने जोखिम विद्यमान छ।

## ६.२ वातावरण तथा फाहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिकाले वातावरण संरक्षण र सरसफाइका क्षेत्रमा प्रयास गर्दै आए पनि हालको कार्य मुख्यतः फोहोरमैला संकलनमा केन्द्रित रहेको छ । बजार क्षेत्रमा फोहोर संकलनका लागि १२ वटा संघसंस्थाहरू सक्रिय छन् । अधिकांश घरपरिवारले घरबाट निस्कने फोहोर निश्चित स्थानमा व्यवस्थापन गरे तापनि, केहीले खोला वा कुलोमा फाल्ने र केहीले कम्पोष्ट मलमा रूपान्तरण गर्ने अभ्यास अपनाएका छन् । काठमाडौँ महानगरपालिकाको नजिक रहेकाले नगरपालिकाका सबै वडामा घरमै पुगेर फोहोर संकलन गर्ने सवारी साधन प्रयोगमा ल्याइएको छ, जसले नियमित फोहोर व्यवस्थापनमा सहयोग पु–याइरहेको छ । यद्यपि समग्र वातावरणीय सुधार र दीगो फोहोर व्यवस्थापनका लागि अझ व्यापक र प्रणालीगत पहल आवश्यक देखिन्छ ।

### ६.२.२ समस्या तथा चुनौती

बुढानीलकण्ठ नगरपालिकामा फोहोर व्यवस्थापनका लागि दीर्घकालीन र स्पष्ट योजना अभावले विशेषगरी बजार क्षेत्रहरूमा भविष्यमा जटिलता उत्पन्न हुने सम्भावना छ । फोहोरको प्रभावकारी व्यवस्थापन नहुनुका कारण वायु र जल प्रदूषण बढ्ने, सरुवा रोगहरूको संक्रमण फैलिन सक्ने, सामुदायिक तथा व्यक्तिगत स्वास्थ्य जोखिममा पर्ने, र नगरको समग्र सौन्दर्यमा नकारात्मक असर पर्न सक्ने स्थिति देखिन्छ । साथै, नगरभित्र फैलिएका छुट्टाछुट्टै बस्तीहरूको कारण एकीकृत फोहोर व्यवस्थापन प्रणाली लागू गर्न चुनौतीपूर्ण भइरहेको छ, जुन समस्यालाई थप गहिरो बनाउने कारक भनेको पर्याप्त बजेट र ठोस योजनाको कमी हो ।

### ६.२.३ लक्ष्य

फोहर संकलन, प्रशोधन, विसर्जन, र पुनःप्रयोगको योजना बनाई कार्यान्वयन गर्ने

### ६.२.४ उद्देश्य

क) समुदायमा फोहर विसर्जनका प्रभावकारी विधिहरूको बारेमा जनचेतना फैलाउने,
ख) फोहर वर्गीकरण गर्ने, कम्पोष्ट मल बनाउन र पुनर्प्रयोग गर्न तालिम प्रदान गरी प्रेरित गर्ने,
ग) जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गर्ने,
घ) सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरलाई दिगो र वातावरण मैत्री बनाउने,

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ६.२.५ रणनीति

क) फोहरमैला व्यवस्थापन सार्वजनिक नीजि साभेदारी (PPP) को अवधारणा अनुसार गरिने ।

### ६.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६६: भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रको सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| १ | फोहोर संकलन साधन | संख्या | २८ | २८ | २९ | ३० | |
| २ | आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ८५ | ९० | ९५ | १०० | |

### ६.२.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ६८: वातावरण तथा फाहोरमैला व्यवस्थापन क्षेत्रको आयोजना विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|
| **क** | वातावरण तथा फाहोरमैला व्यवस्थापन | | | **२८२५००** | |
| १ | वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु | २०८२/०८३ २०८४/८५ | ३ | २८२५०० | वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् । |

### ६.२.९ अनुमान तथा जोखिम पक्ष

यदि आवश्यक बजेट सुनिश्चित गरियो, उपयुक्त प्रविधिको प्रभावकारी उपयोग गरियो र जनसहभागिता सुनिश्चित गर्न सकियो भने फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिनेछ । तर, यी पक्षहरूमा कमजोरी देखिएमा योजनाको लक्ष्य तथा उद्देश्य पूरा नहुने जोखिम कायम रहनेछ, जसले वातावरणीय र सार्वजनिक स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने सम्भावना रहन्छ ।

## ६.३ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता

### ६.३.१ पृष्ठभूमि

बुढानीलकण्ठ नगरपालिकामा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलताका क्षेत्रमा विभिन्न सम्भावना र अवसरहरू विद्यमान छन् । यहाँका नागरिक वातावरण र विपद् व्यवस्थापनप्रति सचेत छन् भने गैरसरकारी संघसंस्थाहरूको सक्रिय सहभागिता रहेको छ । नगरपालिकाले विपद् व्यवस्थापन कोष स्थापना गर्नुका साथै विभिन्न स्थानहरूमा आपत्कालीन उद्दार सामग्रीहरू भण्डारण गरेर पूर्वतयारीलाई सुदृढ बनाएको छ। 'एक घर, एक रुख' कार्यक्रममार्फत हरियाली विस्तार र वातावरणीय सुधारमा योगदान पुर्‍याउने प्रयास भइरहेको छ । साथै, जलस्रोतको अधिकतम उपयोग गरी कृषि, पर्यटन र उद्योगको प्रवर्द्धन गर्दै जोखिम न्यूनीकरण सम्भव छ भने, पानीका मुहानहरूमा वृक्षारोपण गरेर जलस्रोत संरक्षणका उपायहरू पनि अपनाउन सकिने देखिन्छ ।

### ६.३.२ समस्या तथा चुनौती

बुढानीलकण्ठ नगरपालिकामा सुकुम्बासी समस्याका कारण सार्वजनिक जमिन, खोला किनार र सडक क्षेत्रमा अतिक्रमण हुने अवस्था देखिएको छ । यस्ता अव्यवस्थित बसोबास र अतिक्रमण व्यवस्थापनका लागि आवश्यक प्राविधिक जनशक्तिको अभाव समेत चुनौतीका रूपमा रहिरहेको छ । वातावरणीय संरक्षणमा प्रभावकारी पहल गर्न नसके प्राकृतिक विपद्को जोखिम उच्च रहने, साथै पानीका मुहानहरू सुक्ने सम्भावनाले दीर्घकालीन संकट उत्पन्न गर्ने अवस्था विद्यमान छ । यी सबै विषयहरू दीगो विकास र जोखिम व्यवस्थापनका दृष्टिले गम्भीर चुनौतीहरू हुन् ।

### ६.३.३ लक्ष्य

जलवायु विषमता तथा विपद्जन्य घटनाहरबाट हुने जनधन र पर्यावरणीय क्षति, नोक्सानीमा कमी आएको हुनेछ ।

### ६.३.४ उद्देश्य

क) जलवायु परिवर्तनको जाखिम व्यवस्थापन सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकास गर्ने,

ख) नगरभित्र विपद् व्यवस्थापनमा तालिम प्राप्त जनशक्तिमा संख्यात्मक र गुणात्मक वृदि भएको हुने,

ग) विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरणमा बृद्धि भइको हुने,

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ६.३.५ रणनीति

क) समुदाय तथा सरोकारवालाहरुसंगको साझेदारी तथा सहकार्यमा विपद् व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ।

### ६.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६९: विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | कैफियत |
| १ | सुरक्षित, व्यवस्थित आवास क्षेत्र/वस्ती | वडागत | १३ | १३ | १३ | १३ | |
| २ | विपद् व्यवस्थापन कोष रकम (वार्षिक) | रु. हजारमा | २०००० | २०००० | २०००० | २०००० | |
| ३ | स्थानीय विपद् व्यवस्थित सूचना केन्द्रबाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | २५८ | ३३० | ४१५ | ५०० | |
| ४ | नदि कटान र डुवानबाट प्रभावित क्षेत्र | रोपनी | ३० | २० | १५ | १० | |
| ५ | विपदबाट वार्षिक क्षती (जग्गा, बाली, नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. हजारमा | ६५०० | ५५०० | ५००० | ४५०० | |
| ६ | तालिम प्राप्त स्थानीय खोज उद्धार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ४५ | ५५ | ६० | ७० | |

### ६.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ७१: विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता विषय क्षेत्रगत कार्यक्रम आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि (शुरु र समाप्ति) | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी ३ वर्षको उपलब्धी सूचकहरू |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता सम्बन्धि कार्यक्रमहरु | सालबसाली | ३ | २७२,५०० | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका हुनेछन्। |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ६.३.९ अनुमान तथा जोखिम पक्ष

सम्बन्धित निकायहरूसँगको छलफलबाट प्राप्त कार्यक्रम तथा सूचकहरूलाई आधार बनाई नियमित र लक्ष्यअनुरूपका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ। यस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिएमा योजनाले आशा गरिएको उपलब्धि हासिल गर्न नसक्ने जोखिम कायम रहन्छ, जसले दीगो विकास र विपद् व्यवस्थापनमा प्रतिकूल असर पुऱ्याउन सक्छ।

मध्यकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

# परिच्छेद – ७

# संस्थागत सुशासन तथा व्यवस्थापन

## ७.१ संगठनात्मक विकास

### ७.१.१ पृष्ठभूमि

नगरपालिकाको समग्र कार्य सम्पादनमा प्रभावकारिता कायम गर्दै निर्दिष्ट उद्देश्य र सूचकहरूको प्राप्तिका लागि सशक्त संगठन र मानव संसाधन तयार हुनु अपरिहार्य छ। यसर्थ, यस क्षेत्रका प्रमुख समस्या र चुनौतीहरूको विश्लेषण गरी कार्यक्रमहरू पहिचान गरिएको छ। संगठनभित्र नेतृत्व तथा क्षमता विकास, आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, व्यवस्थापन अनुसन्धान, व्यवस्थापन सूचना प्रणाली र प्रविधि विकासमा भएका प्रगतिहरूको समीक्षा गरी आवश्यकता पहिचान गर्नुपर्ने आवश्यकता रहेको छ। यस नगरपालिकाको हकमा पनि यसको संगठनात्मक विकासमा अपेक्षाकृत सुधार गरी नगरबासीहरूलाई गरिने सेवा प्रवाहमा प्रभावकारिता ल्याउने वा नतिजामुखी बनाउनु पर्ने आजको आवश्यकता हो। साथै नगरभित्रका नागरिक/सामुदायिक संगठनहरूलाई पनि स्थानीय सरकारको सहयोगी बनाउन जरुरी छ। सिद्धान्ततः स्थानीय सरकारले निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्यमा सबै किसिमका विकास तथा प्रशासनका गतिविधिहरू कार्यान्वयन गर्दा नागरिकहरूको सुशासन प्रतिको अपेक्षा पुरा गर्न सहज हुने गर्दछ।

### ७.१.२ समस्या तथा चुनौती

नगरपालिकाको संगठन र मानव संसाधन क्षेत्रमा केही समस्या र चुनौतीहरू रहेका छन्। स्थानीय सरकार संचालनका लागि नगरपालिकाको अनुभवमा कमी रहनु, संगठन विकासका लागि प्राविधिक सीपयुक्त कर्मचारीहरू सीमित सङ्ख्यामा रहनु,जन प्रतिनिधि र कर्मचारीहरूमा संगठनात्मक विकासको अवधारणा विकास भैनसक्नु, नागरिक/सामुदायिक संस्था/समुहहरूको स्थानीय शासन प्रक्रियामा अर्थपूर्ण सहभागिताका लागि क्षमता विकास भई नसक्नु र सेवा प्रवाहमा प्रविधि प्रयोगको वृद्धि अपेक्षा गरिएको स्तरमा विकास भैनसक्नु आदि समस्याका रुपमा रहेका छन्। यसर्थ योजना आयोजना र सेवा प्रवाहमा गुणस्तर कायम गर्नु, समयमा कार्य सम्पादन गर्नु, रणनीतिक

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

तथा आवधिक योजनाहरूको अधिकतम् कार्यान्वयन गर्नु, नागरिक/सामुदायिक संस्था/समुहहरूको अर्थपूर्ण सहभागिता र जिम्मेवार बनाउनु आदि मुख्य चुनौतीका रुपमा रहेका छन् ।

### ७.१.३ सोच

नगरपालिकाको उत्कृष्ट संगठनात्मक विकास, सुशासन सहितको समृद्धिको निकास ।

### ७.१.४ उद्देश्य

क) नगरपालिकाको आन्तरिक व्यवस्थापन प्रणालीलाई समय सापेक्ष सुधार गर्नु,

ख) सरोकारवाला संस्था निकायको क्षमता विकास र साझेदारी गर्नु ।

### ७.१.५ रणनीति

क) नगरपालिकाको आन्तरिक व्यवस्थापन प्रणालीलाई सुधार तथा स्तरोन्नति गर्ने,

ख) नागरिक/सामुदायिक संस्था/समुह र सरोकारवाला संस्था निकायको संगठनात्मक क्षमता अभिबृद्ध गराई स्थानीय शासन प्रक्रियामा साझेदारी गर्ने ।

### ७.१.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ७८: संगठनात्मक विकास तथा मानव संशाधन विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| | असर | | | | | | |
| १ | आयोजना बैंक उपयोग | भएको/नभएको | नभएको | भएको | भएको | भएको | |
| २ | क्षमता विकास योजना लागू | भएको/नभएको | नभएको | भएको | भएको | भएको | |
| ३ | आवधिक नगर विकास कार्यान्वयन | भएको/नभएको | भएको | भएको | भएको | भएको | |
| ४ | मध्यमकालिन खर्च संरचना कार्यान्वयन | भएको/नभएको | नभएको | भएको | भएको | भएको | |
| | प्रतिफल | | | | | | |
| १ | आयोजना बैंक निर्माण | सङ्ख्या | १ | १ | १ | १ | |
| २ | क्षमता विकास योजना निर्माण | सङ्ख्या | १ | ० | ० | १ | |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | आवधिक नगर विकास योजना | सङ्ख्या | ० | ० | ० | ० | |
| ४ | मध्यमकालिन खर्च संरचना निर्माण | सङ्ख्या | १ | १ | १ | १ | |
| ५ | संगठन तथा व्यवस्थापन (O&M) अध्ययन | सङ्ख्या | ० | १ | ० | ० | |
| ६ | शाखागत कार्यसम्पादन परीक्षण | सङ्ख्या | १ | १ | १ | १ | |
| ७ | संगठन तथा व्यवस्थापन अनुसन्धान तथा विकास | सङ्ख्या | १ | १ | १ | १ | |
| ८ | अन्तर स्थानीय तह अनुभव साटासाट कार्यशाला | सङ्ख्या | १ | १ | १ | १ | |
| ९ | सूचना प्रविधि सामाग्री स्तरोन्नति | सङ्ख्या | १ | १ | १ | १ | |
| ११ | क्षमता विकास तालिममा सहभागी टोल विकास संस्था | सङ्ख्या | ९ | ९ | ९ | ९ | |
| १२ | क्षमता विकास तालिममा सहभागी आमा समुह | सङ्ख्या | ९ | ९ | ९ | ९ | |
| १३ | क्षमता विकास तालिममा सहभागी नागरिक सञ्जालहरू | सङ्ख्या | १ | १ | १ | १ | |

### ७.१.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ८०: संगठनात्मक विकास तथा मानव संशाधन कार्यक्रम आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि शुरु र समाप्ति | इकाई | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तिन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| क | आन्तरिक व्यवस्थापन क्षमता विकास | | | | | |
| १ | मध्यमकालिन खर्च संरचना | सालबसाली | गोटा | ३ | १,५०० | हरेक वर्ष मध्यमकालिन खर्च संरचना तर्जुमा भएको हुनेछ। |
| २ | कार्यालय अटोमेशन | सालबसाली | गोटा | ३ | १,५०० | कार्यालय अटोमेशन जडान र सञ्चालन भएको हुनेछ। |
| ३ | नगर प्रहरी प्रोत्साहन | सालबसाली | गोटा | ३ | १,७०० | नगर प्रहरीहरूका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन भएको हुनेछ। |



मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ट्राफिक/यातायात व्यवस्थापन | सालबसाली | गोटा | ३ | १,५०० | नगर क्षेत्रमा ट्राफिक व्यवस्थापन सुचारु भएको हुनेछ। |
| ५ | सार्वजनिक सम्पर्क नं भएको स्टिकर प्रकाशन | सालबसाली | गोटा | ३ | १,४०० | सबै वडाका लागि सार्वजनिक सम्पर्क नं भएको स्टिकर छपाइ गरी वितरण भएको हुनेछ। |
| ७ | संगठन तथा व्यवस्थापन (O&M) अध्ययन | २०८२/८३ | गोटा | १ | ५०० | नगरपालिकाको संगठन तथा व्यवस्थापन अध्ययन भई कार्यान्वयन भएको हुनेछ। |
| ८ | शाखागत कार्यसम्पादन परीक्षण | सालबसाली | गोटा | ३ | १,३०० | वार्षिक रुपमा शाखागत कार्यसम्पादन परीक्षण भएको हुनेछ। |
| ९ | संगठन तथा व्यवस्थापन अनुसन्धान तथा विकास | २०८१/८२ | गोटा | १ | ५०० | संगठन तथा व्यवस्थापन सम्बन्धमा अनुसन्धान भएको हुनेछ। |
| १० | अन्तर स्थानीय तह अनुभव साटासाट कार्यशाला | सालबसाली | गोटा | ३ | ४०० | अन्तरस्थानीय तह अनुभव साटासाट भएको हुनेछ। |
| ११ | सूचना प्रविधि सामाग्री स्तरोन्नति | सालबसाली | गोटा | ३ | १,५०० | नगरपालिकाको कार्यालयमा सूचना प्रविधि सामाग्री थप गरी अद्यावधिक भएको हुनेछ। |
| १२ | संस्थागत क्षमता विकासका अन्य कार्यहरू | सालबसाली | | २ | १,००० | नगरपालिकाको सेवा प्रवाह क्षमता विकास भएको हुनेछ। |
| | जम्मा | | | २८ | १२,८०० | |
| **ख** | सरोकारवाला संस्था निकायसँग क्षमता विकास र साझेदारी | | | | | |
| १ | उपभोक्ता समितिलाई अभिमुखीकरण | सालबसाली | गोटा | ३ | १,५०० | सबै उपभोक्ता समितिहरूले परियोजना सञ्चालन विधि बारेमा जानकारी प्राप्त गरेको हुनेछ। |
| २ | टोल विकास संस्थाको क्षमता विकास | सालबसाली | गोटा | २७ | २,७०० | सबै टोल विकास संस्थाहरू आफ्नो भूमिका बारेमा जानकार भएको हुनेछ। |
| ३ | आमा समूहको क्षमता विकास | सालबसाली | गोटा | २७ | २,७०० | सबै आमा समूहहरू आफ्नो भूमिका र संस्था सञ्चालन सम्बन्धमा जानकार भएको हुनेछ। |
| ४ | नागरिक सञ्जालहरूको क्षमता विकास | सालबसाली | गोटा | ८ | १,३०० | नागरिक सञ्जालहरूले समाजमा आफ्नो भूमिका र दायित्व बारेमा जानकार भएको हुनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सरोकारवाला संस्था/निकायसँग संगठनात्मक विकासका लागि समन्वय र साझेदारी | सालबसाली | गोटा | ३ | ९०० | नगरपालिकाको संगठनात्मक विकासका लागि सरोकारवाला निकायहरूसँग समन्वय र साझेदारी स्थापना भएको हुनेछ। |
| | जम्मा | | | ६८ | ९,१०० | |
| | कुल जम्मा | | | ९६ | २१,९०० | |

### ७.१.९ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाको संगठनात्मक विकासका लागि समावेश गरिएका रणनीति, कार्यनीति र कार्यक्रमहरू यस योजना अवधिभित्र सूचारु सञ्चालन हुने अनुमान गरिएको छ । संगठनात्मक विकासको कार्यक्रमहरूलाई नतिजामुखी तुल्याउन निर्वाचित पदाधिकारी तथा कर्मचारीहरू प्रतिवद्ध र समयसीमामा कार्यक्रमहरू सम्पादन गर्न सक्षम हुनेछन् । नगरपालिकाको संगठनात्मक विकासका लागि सरोकारवाला र विकास साझेदारहरूले सहकार्य र साझेदारी गर्ने कार्य सफल हुने अनुमान गरिएको छ ।

## ७.२ स्रोत परिचालन तथा योजना व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची ९ मा साझा अधिकारहरू विभाजन गरिएका छन् । यी एकल र साझा अधिकारहरूमा तोकिएका स्रोतहरूबाट आय संकलन र उपयोग गर्न सकिने व्यवस्था रहेको छ । यही आर्थिक अधिकार क्षेत्रभित्र नगरपालिकाले हालसम्म कति व्यवस्थित रुपमा आर्थिक अधिकारलाई उपयोग गरी आयका स्रोतहरूको परिचालन गरेको छ भन्ने बारेमा बिश्लेषण गरी आगामी आर्थिक वर्षहरूका लागि सम्भावित क्षेत्रहरू र सोको उपयोग सम्बन्धमा योजनामा समावेश गरिएको छ ।

त्यस्तै, नगरपालिकाले स्थानीय नागरिकहरूका लागि आधारभूत पूर्वाधार तथा आर्थिक सामाजिक सशक्तीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्न विभिन्न योजनाहरू लागू गर्नुपर्ने हुन्छ । यी योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि योजनाबद्ध गतिविधिहरू सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने हुन्छ । योजना कार्यान्वयनको पनि योजना बनाई सोही अनुसार व्यवस्था गर्नुपर्ने भएकोले आगामी आर्थिक वर्षहरूका लागि योजना व्यवस्थापनका गतिविधिहरू तयार गरिएको छ ।

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ७.२.२ समस्या तथा चुनौती

नगरपालिकाका आयका स्रोतहरूको पहिचान र उपयोग गर्ने क्रममा केही समस्या र चुनौतीहरू रहेका छन् । राजस्वका सम्भावित स्रोतहरूको पहिचान र उपयोगमा कमी, सम्पत्ति करका सबै करदाताहरू करको दायरामा आइनसक्नु, नगरपालिकामा उत्पादनशिल उद्योगहरूको प्रवर्द्धन नहुनु, नागरिकहरूमा राजस्व सम्बन्धमा सूचना र ज्ञानमा कमी हुनु, राजस्व शाखाको क्षमता अपेक्षाकृत रुपमा कमजोर हुनु, आर्थिक सामाजिक विकासका आयोजनाहरूको कार्यान्वयन समयमा नहुनु, योजना/आयोजनाहरूका मूल्यांकन प्रभावकारी नहुनु आदि समस्याहरू रहेका छन् । साथसाथै सम्पत्ति कर सबै घरधुरीहरूमा लागू गर्नु, आवासीय प्रयोजनका लागि घर बहालमा दिने घरधनीहरू करको दायरामा ल्याउनु, नदीजन्य पदार्थहरूको निकासीमा नियमन गर्नु र आयोजनाहरू समयमै सम्पन्न गर्नु र गुणस्तर नियन्त्रण गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ७.२.३ सोच

नगरका आर्थिक स्रोतहरूको समुचित उपयोग, नगरबासीको समृद्धिको सुनिश्चितता ।

### ७.२.४ उद्देश्य

क) आन्तरिक राजस्व प्रणालीको सवलीकरण गर्नु,

ख) योजना/आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गर्नु ।

### ७.२.५ रणनीति

क) आन्तरिक राजस्व प्रणालीको सवलीकरण गरी आन्तरिक आयको दिगो व्यवस्थापन गर्ने ।

ख) योजना/ आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गरी समयसीमा तथा गुणस्तर अभिबृद्धि गर्ने ।

### ७.२.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ८१: स्रोत परिचालन विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | |
| | असर | | | | | | |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | औषत वार्षिक आन्तरिक आय | रु (लाख) | ८५० | ११७२ | १२९४ | १४१२ | |
| २ | कार्यक्रम खर्चको प्रगति (वार्षिक) | प्रतिशत | ४० | ५० | ६० | ७० | |
| | प्रतिफल | | | | | | |
| १ | राजस्व अनुसन्धान तथा सुधार कार्ययोजना तर्जुमा | सङ्ख्या | १ | ० | ० | १ | |
| २ | राजस्व शाखाका कर्मचारी क्षमता विकास तालिम | सङ्ख्या | १ | ० | ० | १ | |
| ३ | कर राजस्व सम्बन्धी सूचना शिक्षा र सञ्चार कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | |
| ४ | राजस्व सफ्टवेयर स्तरोन्नति / अद्यावधिक | सङ्ख्या | | १ | | १ | |
| ५ | खरिद गुरुयोजना तर्जुमा | सङ्ख्या | १ | ० | ० | ० | |
| ६ | योजना अनुगमन तथा मूल्यांकन - आन्तरिक र वाह्य पक्षवाट | पटक | १ | १ | १ | १ | |
| ७ | योजना सफ्टवेयर तयारी र अद्यावधिक | सङ्ख्या | १ | ० | ० | १ | |
| ८ | आयोजना व्यवस्थापनका गतिविधिहरू (उपभोक्ता समिति तालिम, योजना अनुगमन, सूचना शिक्षा सञ्चार आदि) | सङ्ख्या | १ | १ | १ | १ | |

### ७.२.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ८३: स्रोत परिचालन कार्यक्रम/आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि शुरु र समाप्ति | इकाई | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| क | आन्तरिक राजस्व सवलीकरण | | | | | |
| १ | राजस्व सुधार कार्ययोजना कार्यान्वयन परीक्षण | सालबसाली | गोटा | ३ | ६०० | राजस्व सुधार कार्ययोजनाको वार्षिक रुपमा परीक्षण भएको हुनेछ। |
| २ | नगरक्षेत्रका बजार अनुगमन | सालबसाली | गोटा | ३ | ६०० | नगरक्षेत्रकाका बजार अनुगमन भएको हुनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | व्यवसाय तथ्यांक संकलन र वार्षिक अद्यावधिकरण | सालबसाली | गोटा | ३ | ६०० | व्यवसाय तथ्यांक संकलन र सोको वार्षिक रुपमा अद्यावधिक भएको हुनेछ। |
| ४ | राजस्व शाखा सवलीकरण | सालबसाली | गोटा | ३ | १,५०० | राजस्व शाखाहरूको पूर्वाधार र प्रविधि सुधार भएको हुनेछ। |
| ५ | राजस्व शाखाका कर्मचारी क्षमता विकास तालिम | सालबसाली | | ३ | ६०० | राजस्व शाखाका सबै कर्मचारीहरूमा पेशागत सक्षमता विकास भएको हुनेछ। |
| ६ | कर राजस्व सम्बन्धी सूचना शिक्षा र सञ्चार कार्यक्रम | सालबसाली | गोटा | ३ | १,०२० | कर तथा गैरकर राजस्व सम्बन्धी सूचना शिक्षा र सञ्चार कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ७ | राजस्व सफ्टवेयर स्तरोन्नति / अद्यावधिक गर्ने | सालबसाली | गोटा | ३ | ६०० | राजस्वको अनलाइन सफ्टवेयर अध्यावधिक भएको हुनेछ। |
| | जम्मा | | | २१ | ५,५२० | |
| **ख** | योजना/आयोजना व्यवस्थापन | | | | | |
| १ | नगर प्रगति समीक्षा गोष्ठी | सालबसाली | गोटा | ३ | १,१०० | वार्षिक रुपमा नगरपालिकाको प्रगति समीक्षा भएको हुनेछ। |
| २ | वातावरण प्रभाव मूल्यांकन | सालबसाली | गोटा | ३ | ३,००० | आवश्यकतानुसार वातावरण प्रभाव मूल्यांकन भएको हुनेछ। |
| ३ | जिल्ला समन्वय समितिसँग ल्याब टेस्ट सञ्चालन साझेदारी | सालबसाली | गोटा | ३ | ९०० | जिसससँगको समन्वयमा गुणस्तर परीक्षण ल्याव सञ्चालन भएको हुनेछ। |
| ४ | सार्वजनिक सम्पत्तिको तथ्याङ्क संकलन तथा अद्यावधिकीकरण | सालबसाली | गोटा | ३ | ४५० | नगरपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिहरूको तथ्यांक संकलन र अद्यावधिक भएको हुनेछ। |
| ५ | योजना अनुगमन तथा मूल्यांकन - वाह्य पक्षवाट | सालबसाली | गोटा | ३ | ९०० | वार्षिक रुपमा बाह्य पक्षबाट योजनाहरूको अनुगमन तथा मूल्यांकन भएको हुनेछ। |
| ६ | योजना सफ्टवेयर तयारी र अद्यावधिकिकरण | सालबसाली | गोटा | ३ | ६०० | नगरपालिकामा योजना सफ्टवेयर सञ्चालन भएको हुनेछ। |
| ७ | आयोजना व्यवस्थापन | सालबसाली | गोटा | ३ | १,५०० | आयोजनाहरूको विस्तृत विवरण सहितको तथ्यांक संकलन र अद्यावधिक भएको हुनेछ। |
| | जम्मा | | | २१ | ८,४५० | |
| | कुल जम्मा | | | ४२ | १३,९७० | |

मध्यमकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

### ७.२.९ अनुमान तथा जोखिम पक्ष

नगरपालिकाका आयका स्रोतहरूको प्रभावकारी परिचालन कार्यमा निर्वाचित पदाधिकारी तथा कर्मचारीहरू प्रतिवद्ध र उत्साहित रहने अनुमान गरिएको छ । आर्थिक स्रोत परिचालनका लागि तयार गरिएको वार्षिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको हुनेछ । विभिन्न सशर्त कार्यक्रमहरूका लागि आर्थिक स्रोत जुटाउन र उपलब्ध गराउन विकास साझेदारहरू सहकार्य र साझदारीमा संलग्न भएको हुनेछन् ।

## ७.३ मानव संसाधन तथा सेवा प्रवाह

### ७.३.१ पृष्ठभूमि

नगरपालिकाको दैनिक सेवा सञ्चालनका लागि मानव संसाधन तथा सेवा प्रवाहको क्षेत्रमा सक्षमता विकास गर्नुपर्ने हुन्छ । सेवाको प्रकृति अनुसारका शाखा तथा उपशाखाहरूको सञ्चालन गर्नका लागि दक्ष जनशक्ति तयार गर्ने कार्य नगरपालिकाको आफ्नै जिम्मेवारी हो । निर्वाचित जनप्रतिनिधिहरू पनि स्थानीय शासन पद्दति र सेवा क्षेत्रको बारेमा जानकार हुन जरुरी छ । यसर्थ निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरू सक्षम तुल्याउनका लागि आवश्यक कार्यक्रमहरू पहिचान गरी यस योजनामा समावेश गरिएको छ ।

साथै नागरिकहरूलाई उपलब्ध गराउनु पर्ने सेवाहरू छिटो छरितो र नतिजामूखी तुल्याउनका लागि सेवा प्रवाह प्रणालीमा पनि सुधार गर्नुपर्ने अपरिहार्यता रहेको छ । हालको अवस्थालाई अवलोकन गर्दा सेवा प्रवाहमा अपेक्षाकृत विकास नभएको कारण समयमै तोकिएका कार्यक्रमहरू सम्पन्न नहुने, सेवाको गुणस्तरमा सुधार गर्नुपर्ने पक्षहरू रहेको महसुस भएको हुँदा सुधारका गतिविधिहरू पहिचान गरी योजनामा समावेश गरिएको छ ।

### ७.३.२ समस्या तथा चुनौती

नगरपालिकाको तथ्यांक प्रणाली व्यवस्थापनमा केही समस्या र चुनौतीहरू रहेका छन् , जसले उत्कृष्ट तथ्यांक तथा योजना व्यवस्थापनमा प्रभाव पारिरहेका छन् । पदाधिकारी र कर्मचारीमा संस्थागत क्षमतामा कमी, कर्मचारीहरूलाई कामप्रति अभिप्रेरित गर्ने उपायहरूको खोजी र उपयोग नहुनु, नगरपालिकाको आधारभूत तथ्यांक प्रणाली कमजोर हुनु, सेवा प्रवाहमा प्रवधि र अनलाइन एप्लिकेसनहरू सीमित रुपमा सञ्चालन हुनु, सेवा प्रवाह सुधारका लागि अध्ययन अनुसन्धानका कार्यक्रम सञ्चालन नहुनु, सेवाग्राहीमैत्री वातावरण विकास अपेक्षाकृत स्तरमा नहुनु जस्ता

समस्याहरू रहेका छन् । साथै स्थानीय नीति तथा कानुनहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, नगरको उत्तरी भेगका वडाहरूमा दुर्गमताको कारण सेवा प्रवाहमा प्रभाव पर्नु र गरिब तथा असहायका लागि कानुन तथा न्यायको पहुँच कमजोर रहनु जस्ता चुनौतीहरू पनि रहेका छन् ।

### ७.३.३ सोच

दक्ष र मानव संसाधनको विकास, छिटो छरितो र नतिजामुखी सेवाको निकास ।

### ७.३.४ उद्देश्य

क) सक्षम मानव संसाधन तयार गर्नु,

ख) सेवा प्रवाहलाई छिटो छरितो र नतिजामुखी बनाउनु,

ग) सूचना तथा तथ्यांक प्रणाली अद्यावधिक गर्नु ।

### ७.३.५ रणनीति

क) नगरपालिकाका मानव संसाधनको क्षमता विकास र काम प्रति उत्प्रेरित गर्ने,

ख) नगरपालिकाले प्रवाह गर्ने सेवाको गुणस्तर बढाउने,

ग) शाखागत आधारभूत तथ्यांक व्यवस्थापनलाई अनलाइन एप्लिकेसन मार्फत व्यवस्थित बनाउने ।

### ७.३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ८४: मानव संसाधन र सेवा प्रवाह विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र सं | सूचक/लक्ष्य | इकाई | आ. व. २०८१/८२ | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ. व. २०८२/८३ | आ. व. २०८३/८४ | आ. व. २०८४/८५ | कैफियत |
| | असर | | | | | | |
| १ | संस्थागत तालिम प्राप्त जनप्रतिनिधि | प्रतिशत | ५० | १०० | १०० | १०० | |
| २ | पेशागत तालिम प्राप्त कर्मचारी | प्रतिशत | ६० | १०० | १०० | १०० | |
| | प्रतिफल | | | | | | |
| १ | क्षमता विकास तालिममा सहभागी कर्मचारी | सङ्ख्या | ६० | ८० | १०० | १०० | |

मध्यमकालीन खर्च संरचना बुढानिलकण्ठ नगरपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | कर्मचारीलाई सम्मान पुरस्कार वा अन्य प्रोत्साहन | सङ्ख्या | ५० | ८० | १०० | १०० | |
| ३ | सेवा प्रवाहमा सूचना प्रविधि विकास (शाखा र वडा) | सङ्ख्या | १ | १ | १ | १ | |
| ४ | शाखागत तथ्यांक व्यवस्थापन अनलाइन एप्लिकेसन विकास र सञ्चालन | सङ्ख्या | ५ | ५ | ५ | ५ | |
| ५ | नगरपालिका तथा वडावाट प्रवाह हुने सेवाहरू सम्बन्धी मापदण्ड (Standard Operating Procedure - SOP) लागू | सङ्ख्या | १ | १ | १ | १ | |
| ६ | सेवा प्रवाह सम्बन्धमा अनुसन्धान र विकास | सङ्ख्या | ० | १ | १ | १ | |

### ७.३.८ कार्यक्रम/आयोजनाको विवरण

तालिका ८६: मानव संसाधन तथा सेवा प्रवाह क्षेत्रका कार्यक्रम/आयोजनाको विवरण

| क्र सं | क्रियाकलापको नाम | अवधि शुरु र समाप्ति | ईकाई | जम्मा लक्ष्य | अनुमानित लागत रु (हजार) | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| क | मानव संसाधन क्षमता विकास र उत्प्रेरणा | | | | | |
| १ | कर्मचारी क्षमता विकास | सालबसाली | गोटा | ३ | ३,००० | सबै कर्मचारीहरूको पेशागत क्षमता विकास भएको हुनेछ। |
| २ | जनप्रतिनिधि क्षमता विकास | सालबसाली | गोटा | ३ | ३,००० | सबै निर्वाचित पदाधिकारीहरूको पेशागत क्षमता विकास भएको हुनेछ। |
| ३ | कर्मचारी सम्मान र पुरस्कार | सालबसाली | गोटा | ३ | १,७०० | उत्कृष्ट कर्मचारीहरूलाई सम्मान र पुरस्कार प्रदान गरिएको हुनेछ। |
| ४ | सफल अभ्यास अवलोकन भ्रमण | सालबसाली | गोटा | ३ | १,९०० | नगरपालिकाभित्र र बाहिरका सफल अभ्यासहरूको अवलोकन गरी सिकाइहरू कार्यान्वयन गरिएको हुनेछ। |
| | जम्मा | | | १२ | ९६०० | |
| ख | सेवा प्रवाहमा सुधार | | | | | |

मध्यकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय शासन परामर्श सेवा | सालबसाली | गोटा | ३ | ७,५०० | नगरपालिकाको कार्यालय व्यवस्थापन र सेवा प्रवाहमा सुधारका लागि परामर्श सेवा खरिद र कार्यान्वयन भएको हुनेछ । |
| २ | अनुसन्धान र विकास | सालबसाली | गोटा | ३ | ६,००० | स्थानीय शासन सुधारका लागि विभिन्न १० अनुसन्धानहरू भएको हुनेछ । |
| ३ | नागरिक सहायता कक्ष सञ्चालन | सालबसाली | गोटा | ३ | २,६०० | नागरिक सहायता कक्ष सञ्चालन भएको हुनेछ । |
| ४ | सेवा प्रवाहमा सूचना प्रविधि विकास (शाखा र वडा) | सालबसाली | गोटा | ३ | ३,००० | सबै शाखा र वडाहरूमा सूचना प्रविधि विकास भएको हुनेछ । |
| ५ | अनलाईन सेवा प्रवाह तथा तथ्यांक व्यवस्थापन | सालबसाली | गोटा | ३ | ३,००० | सबै शाखा र वडाहरूमा अनलाइन सेवा प्रवाह र तथ्यांक व्यवस्थापन भएको भएको हुनेछ । |
| ६ | सेवा प्रवाह आधारभूत मापदण्ड तयारी र अद्यावधिकीकरण | सालबसाली | गोटा | १ | ५०० | सेवा प्रवाह आधारभूत मापदण्ड तयारी र अद्यावधिक भएको हुनेछ । |
| | जम्मा | | | १६ | २२६०० | |
| | कुल जम्मा | | | २८ | ३२२०० | |

### ७.३.९ अनुमान तथा जोखिम पक्ष

मानव संसान तथा सेवा प्रवाह क्षेत्रमा समावेश गरिएका कार्यक्रमहरूका लागि विनियोजन गरिएको बजेट सहज रुपमा प्राप्त हुने र सोको कार्यान्वयन प्रभावकारी हुने अनुमान गरिएको छ । साथै मानव संसाधन र सेवा प्रवाह प्रणालीको विकास कार्यमा सबै जनप्रतिनिधि तथा कर्मचारीहरूको सक्रिय सहभागिता रहने समेत अनुमान गरिएको छ ।

मध्यकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका

अनुसूचीहरू

मध्यकालीन खर्च संरचना, बुढानिलकण्ठ नगरपालिका